राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# प्रधानमन्त्री रोजगार कार्यक्रमको बार्षिक कार्यक्रम

## आ.ब.०८१।०८२

## बितिय तथा भौतिक प्रगती विवरण


राजापुर नगरपालिका,
रोजगार सेवा केन्द्र बर्दिया

मिति:२०८१।०४।२५

| | |
|---|---|
| तयार गर्ने | प्रमाणित गर्ने |
| सहि | सहि |
| रमेश कुमार पोखेल | दशरथ बुढा |
| रोजगार संयोजक | प्रमुख प्रशासकिय अधिकृत |
| रोजगार सेवा केन्द्र बर्दिया | राजापुर नगरपालिका बर्दिया |

दशरथ बुढा
प्रमुख प्रशासकिय अधिकृत

# आ.ब.०८१।०८२ बितिय र भौतिक प्रगति बिवरण





## १. नगरपालिकाको संक्षिप्त परिचय :

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका भौगोलिक हिसाबले २८° २१११६.२५ "' देखि २८° २९' ४३उत्तरी आक्षांश र ८१ "° ३' २५६३." देखि ८१° १२' ५२सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र " सतहबाट १४२मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित राजापुर नगरपालिका ऐतिहासिक तथा धार्मिक महत्व बोकेको एउटा प्रमुख कृषि क्षेत्र हो । १२७.०८ वर्ग.किक्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गेरुवा गाउँपालिका र कैलाली .मी. जिल्ला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा मधुवन नगरपालिका रहेका छन् । राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गासमावेश गरी १९ वडा .स.वि. सहितको राजापुर नगरपालिका घोषणा गरीएको थियो भने मिति २०७३ फागुन २२ गते साविकको राजापुरनर खैरिचन्दनपुर .पा. समावेश गरि जम्मा १० वडा कायम गरेको छ । यस नगरपालिकाको नाम राजापुर रहनुको कारण विभिन्न जनविश्वास र .स.वि.गा ऐतिहासिक पृष्ठभूमि रहेका छन् । कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजा रजौटाहरुले बसोबास गर्थे पछि राजा राजा हुंदै राजापुर भएको हो भन्ने विश्वास पाइन्छ । नगरपालिकामा पठनपाठनका लागि २९ वटा आधारभुत (५—१), ९ वटा आधारभुत (८—१), ६ वटा मा) .वि.र ६ वटा मा (१०—१) .वि.१गरी जम्मा ५० वटा विद्यालय र ७५ वटा (१२— बालविकास केन्द्रहरु शिक्षण संस्थाहरु रहेका छन् । बर्दिया जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा राजापुर नगरपालिका त छँदैछ यसकाअतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

घरधुरी तथ्याङ्क संकलन २०८० अनुसार कुल जनसख्या ६०९२७ मध्ये महिला ३०२८८ पुरुष ३०६२४ र अन्य लिङ्ग १५ , जना छन । यसनगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । सबैभन्दा बढी थारु ४७६१७ जना (%२.७८), दोस्रोमा पहाडी ब्राम्हण) क्षेत्री ४०४९/६) र तेस्रोमा दलित २६२४ (%६.४हरुको बसोबास (%४. रहेको छ । शहरी र ग्रामिण क्षेत्रको रुपमा रहेको नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक

महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । विगतमा योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




## २.राजनैतिक तथा प्रशासनिक केन्द्र

राजापुर नगरपालिकालको राजनैतिक तथा प्रशासनिक केन्द्र साविकको राजापुर नगरपालिकाको कार्यालय रहेको छ । नगरपालिकामा विधिवतरुपमा अर्थात कार्य सञ्चालन २०७१ जेठ ५ बाट भएको हो ।१० वटा वडामा विभाजित यस राजापुर नगरपालिकामा २४ मतदान केन्द्र रहेका छन् । संघीय निर्वाचन २०८० (२०८० साल बैशाख सम्म १८ वर्ष पुरा भएका)को अन्तिम मतदाता संख्याको विवरण अनुसार यस नगरपालिकामा मतदाता संख्या ४५ २२९ रहेका छन् ।,वडागत रुपमा मतदाता नामावली यसप्रकार छः

तालिका १ वडागत रुपमा मतदाता संख्या

| वडा | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | २१६४ | २२५२ | ० | ४४१६ |
| २ | २२१७ | २२८९ | ० | ४५०६ |
| ३ | २२६७ | २३३६ | ० | ४६०३ |
| ४ | २८१४ | २७१४ | १ | ५५२९ |
| ५ | २६०३ | २६१६ | ० | ५२१९ |
| ६ | २३६४ | २४१९ | ० | ४७८३ |
| ७ | १५३९ | १५२४ | ० | ३०६३ |
| ८ | २१०७ | २२०८ | ० | ४३१५ |
| ९ | १८६८ | १९४५ | ० | ३८१३ |
| १० | २४९३ | २४८९ | ० | ४९८२ |
| **जम्मा** | **२२४३६** | **२२७९२** | **१** | **४५२२९** |

स्रोतः निर्वाचन आयोग२०८० ,


## ३.भौगोलिक अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया  जिल्लामा अवस्थित यस राजापुर नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले समथर तराई क्षेत्रमा पर्दछ । राजापुर नगरपालिका नेपालको मानचित्रमा हेर्दा भौगोलिक हिसाबले २८° २१' २५ "१६.देखि २८° २९÷ ४३ "उत्तरी आक्षांश र ८१° ३ "६३.२५ ÷देखि ८१° १२ "५२÷सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल १२७.०८ वर्ग कि.मीक्षेत्रफल ओगटेको छ ।  . यस नगरपालिकाका उत्तरमा गेरुवा गाउँपालिका र कैलाली जिल्ला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा गेरुवा गाउँपालिका रहेका छन् ।

## ४.धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको  बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्याइ देशको अर्थतन्त्रलाई सवल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूत रुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।





अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासीक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र संवर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ ।

## ५. जनसाङ्ख्यिक विवरण

### ५.१ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण

यस iLG-Profile बनाउने क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार १३५८७ घरधुरी रहेको छ । सबैभन्दा धेरै घरधुरी क्रमश वडा नम्बर ४ र १० मा रहेको देखियो जहाँ १८७५ र १६०५ घरधुरी रहेका छन्। वडा नम्बर ४ मुख्य बजार क्षेत्र रहेकोले धेरै धरधूरी रहेको पाइन्छ । त्यसैगरी वडा नम्बर ७ मा सबैभन्दा कम ९४० घरधुरी रहेको छ ।

### ५.२ वडागत रुपमा रहेको घरधुरीको संख्या

यस iLG-Profile बनाउने क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार १३५८७ घरधुरी रहेको छ । सबैभन्दा धेरै घरधुरी क्रमश वडा नम्बर ४ र १० मा रहेको देखियो जहाँ १८७५ र १६०५ घरधुरी रहेका छन्। वडा नम्बर ४ मुख्य बजार क्षेत्र रहेकोले धेरै धरधूरी रहेको पाइन्छ । त्यसैगरी वडा नम्बर ७ मा सबैभन्दा कम ९४० घरधुरी रहेको छ । वडागत रुपमा रहेको घरधुरीको संख्या र यसको प्रतिशत तलको चार्टमा प्रस्तुत गरिएको छ ।

**तालिका 1 वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण**

| वडा नं | घरधुरी संख्या | जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | | महिला | | अन्य | जम्मा | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | संख्या | प्रतिशत |
| १ | 1357 | 3168 | 9.9 | 3135 | 9.9 | | 6303 | 9.9 |
| २ | 1296 | 2975 | 9.3 | 2985 | 9.4 | 1 | 5961 | 9.4 |
| ३ | 1375 | 3217 | 10.0 | 3191 | 10.1 | 1 | 6409 | 10.1 |
| ४ | 1875 | 3802 | 11.9 | 3781 | 11.9 | 4 | 7587 | 11.9 |
| ५ | 1452 | 3568 | 11.1 | 3448 | 10.9 | 5 | 7021 | 11.0 |
| ६ | 1411 | 3541 | 11.1 | 3419 | 10.8 | 1 | 6961 | 10.9 |
| ७ | 940 | 2302 | 7.2 | 2193 | 6.9 | | 4495 | 7.1 |
| ८ | 1204 | 2730 | 8.5 | 2892 | 9.1 | 1 | 5623 | 8.8 |
| ९ | 1072 | 2749 | 8.6 | 2780 | 8.8 | | 5529 | 8.7 |
| १० | 1605 | 3964 | 12.4 | 3839 | 12.1 | 3 | 7806 | 12.3 |
| जम्मा | 13587 | 32016 | 100.0 | 31663 | 100.0 | 16 | 63695 | 100.0 |

स्रोत : iLG Profile घरधुरी तथ्यांक २०८०

**तालिका 2 वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण, जनघनत्व तथा लैङ्गिक अनुपात**

| वडा नं | घरधुरी संख्या | जसनसंख्या | | | | क्षेत्रफल वर्ग ) (.मी.कि | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | 1357 | 3168 | 3135 | | 6303 | 13.3 | 473 |
| २ | 1296 | 2975 | 2985 | 1 | 5961 | 12.0 | 499 |
| ३ | 1375 | 3217 | 3191 | 1 | 6409 | 12.9 | 497 |
| ४ | 1875 | 3802 | 3781 | 4 | 7587 | 14.5 | 522 |
| ५ | 1452 | 3568 | 3448 | 5 | 7021 | 15.1 | 466 |
| ६ | 1411 | 3541 | 3419 | 1 | 6961 | 12.3 | 568 |
| ७ | 940 | 2302 | 2193 | | 4495 | 8.3 | 542 |
| ८ | 1204 | 2730 | 2892 | 1 | 5623 | 9.8 | 574 |
| ९ | 1072 | 2749 | 2780 | | 5529 | 10.1 | 546 |
| १० | 1605 | 3964 | 3839 | 3 | 7806 | 14.8 | 526 |
| जम्मा | 13587 | 32016 | 31663 | 16 | 63695 | 123.1 | 518 |

सोत : iLG Profile घरधुरी तथ्यांक २०८०

**५.३ पेशागत आधारमा जनसंख्याको वितरण**

राजापुर नगरपालिकामा सबैभन्दा धेरै विद्यार्थी २३२ .५ प्रतिशत रहेका छन भने ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने २१. ,० प्रतिशित नागरिक कृषि.१ प्रतिशत गृहणी र १२.प्रतिशत नागरिक रहेका छन् । त्यस्तै १६ उद्योग तथा व्यापार क्षेत्रमा रहेका छन् । पशुपालन तथा अन्य स्वरोजगार क्षेत्रमा एकदमै मानिसहरु लागेका देखिन्छन । कृषि तथा पशुपालनको लागि उर्भर भूमि भएता पनि पुर्ण रुपमा कृषि पेशा अपनाउने संख्या कम देखिन्छ। साथै कृषिलाई ब्यवसायिक भन्दा पनि निर्वाहमुखी मात्र बनाउदा पनि यस क्षेत्रमा सम्भावना भए अनुसारको मात्रामा कृषि पेशा अंगाल्ने संख्या कम नै देखिन्छ । कृषि पेशामा वडा नम्बर ५ मा धेरै मानिसहरु लागेका देखिन्छ जुन वडा नम्बर १ मा एकदमै थोरै मात्र रहेको छ

तालिका 3:पेशागत आधारमा जनसंख्याको वितरण

| पेशा | वडा नम्बर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा | प्रतिशत |
| विद्यार्थी | 1444 | 1304 | 1360 | 1640 | 1718 | 1661 | 1234 | 1397 | 1393 | 1834 | 14985 | 23.5 |
| ज्यालामजदुरी/ | 2268 | 1096 | 1603 | 1579 | 1321 | 1073 | 745 | 1196 | 1197 | 1450 | 13528 | 21.2 |
| उल्लेख नगरिएको | 734 | 1171 | 815 | 1518 | 495 | 1619 | 1098 | 675 | 948 | 2144 | 11217 | 17.6 |
| गृहणी | 814 | 1008 | 1495 | 1185 | 765 | 824 | 490 | 1193 | 1042 | 1414 | 10230 | 16.1 |
| उद्योग, व्यापार, कृषि | 186 | 897 | 534 | 788 | 1884 | 1208 | 329 | 743 | 711 | 340 | 7620 | 12.0 |
| व्यापार | 92 | 97 | 157 | 420 | 131 | 121 | 72 | 104 | 37 | 93 | 1324 | 2.1 |
| अन्य बेरोजगार | 426 | 46 | 120 | 74 | 303 | 77 | 163 | 22 | 24 | 49 | 1304 | 2.0 |
| सरकारी नोकरीजागिर/ | 60 | 71 | 86 | 121 | 135 | 94 | 40 | 95 | 111 | 79 | 892 | 1.4 |
| गैरसरकारी नोकरीजागिर/ | 74 | 75 | 77 | 109 | 106 | 105 | 10 | 85 | 39 | 75 | 755 | 1.2 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य रोजगारी | 125 | 115 | 131 | 19 | 36 | 56 | 95 | 46 | 6 | 99 | 728 | 1.1 |
| अन्य स्वरोजगार | 42 | 33 | 18 | 24 | 62 | 74 | 96 | 50 | 6 | 151 | 556 | 0.9 |
| वैदेशिक रोजगारी | 38 | 21 | 10 | 100 | 36 | 45 | 108 | 16 | 10 | 52 | 436 | 0.7 |
| पशुपालन | 0 | 27 | 3 | 10 | 29 | 4 | 15 | 1 | 5 | 26 | 120 | 0.2 |
| जम्मा | ६३०३ | ५९६१ | ६४०९ | ७५८७ | ७०२१ | ६९६१ | ४४९५ | ५६२३ | ५५२९ | ७८०६ | ६३६९५ | १००.० |

स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

**प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण**

राजापुर नगरपालिकामा जम्मा २६२२ जनाले विभिन्न सिपमुलक तालिमहरु लिएको देखिएको छ । यो संख्या थोरै भएपनिपरिवारका सदस्यहरुको तालिमको विवरण दिने क्रममा अन्य सदस्यहरु अलमलिइका थिए र आफ्नो बाहेक , अन्य सदस्यहरुको तालिमको विवरण दिन धेरै सहभागीहरु अल्मिलएका देखिन्थे । त्यसैले पनि यहाँ यो सिपमुलक तालिमको संख्या थोरै देखिन आएको हुन सक्छ । वडागत रुपमा वडा नम्बर ७ का सबैभन्दा धेरै ६३६ जनाले विभिन्न तालिम लिएका देखिन्छ भने यो संख्या वडा नम्बर ४ मा जम्मा ७४ मात्र देखिन्छ। त्यसैगरी वडा नम्बर ९ मा ६३ तथा वडा नम्बर १० मा ८० जना

**तालिका 4: सीपमुलक तालिम लिएको संख्या**

| वडा नम्बर | सीपमुलक तालिम लिएको संख्या |
|---|---|
| **1** | 291 |
| **2** | 285 |
| **3** | 393 |
| **4** | 74 |
| **5** | 248 |
| **6** | 342 |
| **7** | 636 |
| **8** | 210 |
| **9** | 63 |
| **10** | 80 |
| **जम्मा** | 2622 |

स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

## ५.४ मुख्य पेशा सम्बन्धी विवरण

राजापुर नगरपालिकामा मुख्य गरी कृषि पेशा मुख्य पेशाको रुपमा रहेको छ । राजापुर धान उत्पादनमा देशमै नाम चलेको ठाँउ हो । सिंचाईको सुविधा तथा उर्भर भूमिको कारण यहाँका अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध छन । साथै ज्याला मजदुरीमा लाग्ने संख्या पनि धेरै नै पाइन्छ जुन २१२. प्रतिशत रहेको छ । गृहिणीहरु १६१ . प्रतिशत रहेका छन जो घरायसी कामको साथै कृषि कार्यमा पनि सँगसगै संलग्न हुँदै आएका छन् । सबैभन्दा धेरै संख्या विद्यार्थीको रहेको छ । विद्यार्थीहरु कतिपय अवस्था सामान्य रोजगारी तथा आफ्नो कृषि काम गर्दै पछि रहेका पनि हुन सक्छन।

तालिका 5: मुख्य पेशा सम्बन्धी विवरण

| पेशा | वडा नम्बर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | जममा | प्रतिशत |
| विद्यार्थी | 1444 | 1304 | 1360 | 1640 | 1718 | 1661 | 1234 | 1397 | 1393 | 1834 | 14985 | 23.5 |
| ज्यालामजदुरी/ | 2268 | 1096 | 1603 | 1579 | 1321 | 1073 | 745 | 1196 | 1197 | 1450 | 13528 | 21.2 |
| उल्लेख नगरिएको | 734 | 1171 | 815 | 1518 | 495 | 1619 | 1098 | 675 | 948 | 2144 | 11217 | 17.6 |
| गृहणी | 814 | 1008 | 1495 | 1185 | 765 | 824 | 490 | 1193 | 1042 | 1414 | 10230 | 16.1 |
| उद्योग, व्यापार, कृषि | 186 | 897 | 534 | 788 | 1884 | 1208 | 329 | 743 | 711 | 340 | 7620 | 12.0 |

| पेशा | वडा नम्बर | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | जममा | प्रतिशत |
| व्यापार | 92 | 97 | 157 | 420 | 131 | 121 | 72 | 104 | 37 | 93 | 1324 | 2.1 |
| अन्य बे रोजगार | 426 | 46 | 120 | 74 | 303 | 77 | 163 | 22 | 24 | 49 | 1304 | 2.0 |
| सरकारी नोकरीजागिर/ | 60 | 71 | 86 | 121 | 135 | 94 | 40 | 95 | 111 | 79 | 892 | 1.4 |
| गैरसरकारी नोकरीजागिर/ | 74 | 75 | 77 | 109 | 106 | 105 | 10 | 85 | 39 | 75 | 755 | 1.2 |
| अन्य रोजगारी | 125 | 115 | 131 | 19 | 36 | 56 | 95 | 46 | 6 | 99 | 728 | 1.1 |
| अन्य स्वरोजगार | 42 | 33 | 18 | 24 | 62 | 74 | 96 | 50 | 6 | 151 | 556 | 0.9 |
| वैदेशिक रोजगारी | 38 | 21 | 10 | 100 | 36 | 45 | 108 | 16 | 10 | 52 | 436 | 0.7 |
| पशुपालन | 0 | 27 | 3 | 10 | 29 | 4 | 15 | 1 | 5 | 26 | 120 | 0.2 |
| जम्मा | 6303 | 5961 | 6409 | 7587 | 7021 | 6961 | 4495 | 5623 | 5529 | 7806 | 63695 | 100.0 |

स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

## ५.५ बेरोजगारी सम्बन्धी विवरण

यस गाँउ/सहर वस्तुस्थिती विवरण संकलन गर्दा करिव २ प्रतिशतले बेरोजगार भएको कुरा उल्लेख गरेका छन । यसमा विद्यार्थी हरुलाई छुट्टै समूहमा राखिएकोले यो बेरोजगारीको संख्या कम देखीन आएको हुन सक्छ । किनकी विद्यार्थीहरु कतिपय पठनपाठन गर्दै आंशिक रोजगारमुलक काममा पनि लागिरहेका हुन्छन ।

## ५.६ वैदेशिक रोजगारीबाट फर्केका

बैदेशीक रोजगारबाट फर्केको संख्या ३७० जना रहेको छ । यसमा धेरै जसो वडा नम्बर १० बाट १०७ जना७ , बाट १३० जना रहेको छ ।उनिहरु अधिकांश खाडी मुलुक भारत सबैभन्दा ,धेरै र त्यसपछि मलेशिया,कतार , साउदी अरव जस्ता खाडी मुलुकहरु धेरै रहेका छन भने धेरै जनाले अदक्ष कामदारको रुपमा काम गरेका थिए भने केहि कुकुको काम गरेका पनि थिए । भारतमा धेरै जनाले ज्याला मजदुरी गरेका थिए ।

तालिका 6 :वैदेशिक रोजगारीबाट फर्केका

| वडा नम्बर | वैदेशिक रोजगारीबाट फर्केको संख्या |
|---|---|
| १ | ३३ |
| २ | ६४ |
| ३ | २५ |
| ४ | ५६ |
| ५ | ३७ |
| ६ | ६४ |
| ७ | १३० |
| ८ | २३ |
| ९ | ३१ |
| १० | १०७ |
| जम्मा | ५७० |


स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०

## ६.प्रधानमन्त्री रोजगार कार्यक्रमको संक्षिप्त परिचयः

नेपालको संविधान २०७२ मा भएको मौलिक हक अन्तर्गत धारा ३३(१) मा भएको रोजगार सम्वन्धि हकको प्रत्याभुत गर्ने प्रयोजनको लागि संघीय सरकारको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा आगामी ५ वर्षमा कुनै पनि युवालाई बेरोजगारीको कारण वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने नीति बमोजिम बनेका रोजगारीको हकसम्वन्धि ऐन २०७५, रोजगारीको हकसम्वन्धि नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, कामका लागि

पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६का आधारमा यो कार्यक्रम सञ्चालनमा आएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ८ को उपदफा १ बमोजिम रोजगार कार्यक्रम संचालन गर्नका लागि मिति २०७५।१०।२५ गते नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा ९१ अनुसार संघ, प्रदेश र स्थानीय तह विच पारस्परिक सहयोग,सहकार्य र समन्वय कायम गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मिति २०७६।०२।०८ गते त्रिपक्षीय समझदारी गरी यो कार्यक्रम सुरुवात गरिएको हो ।अन्य कार्यविधिहरु जारी भएका छन । यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागी संस्थागत प्रबन्ध गरी सवै गाँउपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन । मुलतः मुलुक भित्र रोजगारीको पर्याप्त रोजगारीको अवसर सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्न आर्थिक विकासमा योगदान पुयाउन एवम् न्युनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको ब्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमको न्यूनतम रोजगारी सुनिश्चित गर्ने र आन्तरीक रोजगारी प्रबद्धन गर्ने दीर्घकालीन सोचका साथ देहायका दुई मुख्य रणनीतिक क्रियाकलापहरु सन्चालन गर्दै आएको छ ।





(**चित्र १: प्र.म.रो.का.को मुख्य रणनीतिक कार्यक्षेत्र** )

**७.परियोजनाको परिकल्पना:**

सबैका लागि रोजगारीको प्रत्याभुति मार्फत नागरिकको जिवनस्तरमा सुधार गर्नेयस कार्यक्रमको दीर्घकालीन सोच ,लक्ष्य, उदेश्य र रणनीति निम्नानुसार छन:

**कार्यक्रमको दीर्घकालीन सोच**: सवैका लागी रोजगारीको प्रत्याभुति मार्फत नागरिकको जीवनस्तरमा सुचार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ ।

**कार्यक्रमको लक्ष्य:** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रबर्द्धन गर्नु यो कार्यक्रमको मुख्य लक्ष्य हो । यस कार्यक्रमले बेरोजगारी, सीप तथा उद्यमशिलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालनमा रहेका कार्यक्रम बीच समन्वयको कमीका कारण त्यस्ता कार्यक्रमको अपेक्षीत प्रतिकुल दिन नसकदा रोजगारी तथा स्वरोजगारीको अभावमा नागरिकको जिवन स्तरमा सुधार हुन नसक्नुलाई समस्याको रुपमा पहिचान गरी उत्पादनशिल रोजगारीमा बृद्धि तथा न्यूनतम रोजगारीको प्रत्याभूति मार्फत सामाजिक संरक्षणको प्रवर्द्धनको उपलब्धी प्राप्त गर्ने लक्ष्य राखेको छ । यिनै परिबेशमा कार्यक्रमबाट अपेक्षित परिवर्तनको परिकल्पना देहायको चित्र नं. २मा छ ।



## ८. कार्यक्रमको उदेश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमको उदेश्य देहाय अनुसार रहेका छन :


- बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुती गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रबर्द्धन र विस्तार गर्ने
- सरकारी,निजी,सहकारी तथा गैरसरकारी क्षेत्रहरु बीचको समन्वय र सहकार्यमा थप रोजगारी अवसर सृजना गर्ने ।
- आन्तरिक रोजगारी सृजनाका लागी आवश्यक नीतिगत ब्यवस्था गर्ने
- सार्वजनिक पुर्वाधारहरुको निर्माण,स्तरोनति र विस्तारमा योगदान गर्ने
- आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने

## ९. कार्यक्रमको रणनीति :

- न्युनतम रोजगारीको सुनिश्चिता र आन्तरीक रोजगारी प्रबर्द्धनका लागी प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिएका छन :
- रोजगारी सृजनाका लागी अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने
- सीपमुलक तालिम मार्फत श्रम बजारको माग अनुरुपका श्रमशक्ति बिकास र आपूर्ति गर्ने
- तालिम,रोजगार,सुचना तथा परामर्श र बितिय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अबसरहरुको सृजना गर्ने
- रोजगारी सृजनामा निजी,सहकारी, तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने
- रोजगार ब्यवस्थापन सुचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याक नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## १०.संरचनागत ब्यवस्था :

यस कार्यक्रममा केन्द्र देखि स्थानिय तहसम्मका लागी देहाय अनुसारको संरचागत ब्यवस्था गरिएको छ ।




**१०.१ स्थानीय निर्देशक समिति :**

रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १४ बमोजिम नागरिकको हकको संरक्षण सम्बन्धी कामको लागि यस राजापुर नगरपालिकाको गठित स्थानीय निर्देशक समिति तपसिल बमोजिम रहेको छ :

अध्यक्ष - नगर प्रमुख, श्री दिपेश थारु
सदस्य - नगर उपप्रमुख, श्री मनकला कुमारी चौधरी
सदस्य - ५वडा अध्यक्ष, श्री रमेश चौधरी
सदस्य - १० वडा अध्यक्ष, श्री शिवलाल थारु
सदस्य - प्रमुख प्रशासकिय अधिकृत, श्री दशरथ बुढा
सदस्य सचिव - रोजगार संयोजक, रमेश कुमार पोखेल

**१०.२ निर्देशक समितिको बैठक**

यस नगरपालिकाद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत युवारुप कार्यक्रम र कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना संचालन गर्नः

मिति २०८१।०४।१५ गते निर्देशक समितिको बैठक बसी आ.व.०८१/०८२ मा रोजगार सेवा केन्द्रद्धारा संचालन गरिने कार्यक्रमहरु बारे छलफल गरी नगरकार्यपालिकालाई स्वीकृतिका लागि सिफारिस गरिएको थियो ।

- नगरकार्यपालिकाको विभिन्न बैठकहरुमा समेत कार्यक्रमको निर्देशिका, कार्यविधि, बजेट बाँडफाँड तथा कार्यान्वयनका विषयमा पटक-पटक छलफल तथा निर्णय गरी कार्यक्रम संचालन गरिएको थियो ।


**रोजगारीको हक सम्बन्धी नियमावली ,२०७५को नियम १६ बमोजिम स्थानिय निर्देशक समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम रहेको छ ।**

(क) सम्बन्धित स्थानिय तह भित्रको श्रम बजारको माग र बिद्यमान जनशक्तिको उपलब्धताको बिश्लेषण र प्रपेक्षण गर्ने
(ख) बेरोजगार ब्यक्तिका लागी रोजगार वा स्वरोजगारको ब्यवस्था गर्न आवश्यक नीति नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।
(ग) सम्वन्धित स्थानिय तह भित्रको बेरोजगार ब्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने ।
(घ) स्थानिय तह भित्र सन्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मुल्याकन गर्ने ।
(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

**१०.३ दरबन्दी बिवरण:**

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागी स्थानिय तहमा नगरपालिकामा रहेको छुटै संरचनात्मक ब्यवस्था गरिएको छ । जसका लागी आयोजनाको रुपमा अस्थायी दरबन्दी देहाय बमोजिम स्वीकृत भएको छ ।

| सि.न. | पद नाम | श्रेणी | सेवा। समुह।उपसमुह | आ.व.०८०।०८१ कायम रहेको दरबन्दी | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत संख्या | रित्त | |
| १. | रोजगार संयोजक | रा.प.तृतीय | प्रशासन | १ | | करार |
| २. | प्राविधिक सहायक | पाचौ तह | इन्जिनीयर | १ | | करार |
| ३. | रोजगार सहायक | पाचौ तह | प्रशासन | १ | | करार |
| ४. | सहजकर्ता | चौथो तह | प्रशासन | १० | १० | स्थानियतहबाट ब्यवस्था |
| | | | जम्मा | १३ | १० | |




**रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरु विवरण :**

| सि.न. | नाम | पद | तह |
|---|---|---|---|
| १. | रमेश कुमार पोखेल | रोजगार संयोजक | अधिकृत छैठौ |
| २. | राज कुमार चौधरी | प्राबिधिक सहायक | पाँचौ तह |
| ३. | यम कुमार परियार | रोजगार सहायक | पाँचौ तह |

**१०.४ कानुनी ब्यवस्था:**

यो कार्यक्रम सचालनका लागी देहायका कानुनहरुको ब्यवस्था गरिएको छ ।

१. रोजगारीको हक सम्बन्धी ऐन,२०७५(लागु भएको मिति २०७५।०६।२)

२.रोजगारीको हकसम्बन्धी नियमावली,२०७५(दोश्रो संशोधन, २०७७सहित) नेपाल सरकार मन्त्रिपरिषदबाट २०७७।३।१५ मा स्वीकृत)

३.प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५(प्रथम संशोधन, २०७७ सहित) नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७७।०६।२९मा स्वीकृत)

४. रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५(प्रथम संशोधन, २०७६ सहित) नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७६।०७।२९ मा स्वीकृत)

५.बेरोजगार सुची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन ,२०७६(नेपाल सरकार , माननीय मन्त्रीस्तरबाट २०७६।०८।१८ मा स्वीकृत)

६. युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना (सन्चालन तथा ब्यवस्थापन कार्यबिधि) २०७६ (नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७६।१२।३०मा स्वीकृत)

७. काम लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सन्चालन तथा ब्यवस्थापन कार्यविधि) , २०७७ नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७६।०७।१ स्वीकृत)

८.स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड २०७८

९.प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५

१०.एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधि २०८०

११.स्थानिय तहको रोजगारी रणनीति निर्माण सम्बन्धी मागदर्शन २०८०

**१०.५ कार्यक्रमका सेवाग्राही र लक्षित समुह :**

प्र.म.रो.का.को मुख्य दुई प्रकारका रणनीतिक क्रियाकलापमा सेवाग्राहीको पहुँच सुनिश्चित गर्ने सोच राखिएको छ । जस अनुरुप न्यूनतम रोजगारीका लागी देहायको लक्षित वर्ग रहेका छन

(क) १८ देखि ५९ बर्ष उमेर समुहका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विपन्न बेरोजगार ब्यक्तीहरुलाई रोजगारमा पहुच पुयाउने र १८ देखि ४० बर्ष उमेर समुहका युवायवतीहरुलाई रोजगार पहुच पुयाउने ।

(ख) निर्वाह भत्ताको सर्न्भमा विपन्न बेरोजगार ब्यक्ति तथा निजको परिवार साथै आन्तरिक रोजगारीका लागी रोजगार सेवा केन्द्रबाट रोजगारमुलक सेवा तथा सहायता प्रदान गर्न देहायको लक्षित वर्ग सेवाग्राही रहेका छन

(ग) श्रम योग्य जनशक्ति

**११ बजेट अपेक्षित उपलब्धी :**

कार्यक्रमबाट देहायका नतिजा प्राप्त हुने अपेक्षा लिइएको छ ।

**(क) न्युनतम रोजगारीको सुनिश्चिता मार्फत सामाजिक संरक्षण** : लक्षित समुहलाई एक सय दिनको न्युनतम रोजगारी सुनिश्चित भएको हुनेछ । न्यूनतम रोजगारी उपलब्ध नभएका घरपरिवारका एक सदस्यलाई निर्वाह भत्ताको ब्यवस्था भएको हुनेछ । यस कार्यबाट सामाजिक संरक्षण प्रबर्द्धनमा मदत पुग्नेछ

**(ख) उत्पादनशिल रोजगारीका अवसर बृद्धि :** यो कार्यक्रमको कार्यान्वयनबाट आन्तरिक रोजगारी र स्वरोजगारीका अवसरमा बृद्धि हुनेछ । कार्यक्रमबाट श्रमयोग्य जनशक्ति र आर्थिक रुपमा सकृय उमेर समुहका नागरिकहरुको स्थायी,मौसमी तथा अल्पकालिन रोजगारी र स्वरोजगारीका लागी आवश्यक पर्ने सीप तथा क्षमता अभिबृद्धि द्बारा रोजगार तथा स्वरोजगार बन्न प्रोत्साहन र सहयोग सेवा उपलब्ध हुनेछ । यसबाट उत्पादनशिल रोजगारीका अवसरहरुको सृजना भई बिद्यमान बेरोजगारी कम गर्न मदत पुग्नेछ ।

**१२. कार्यक्रमको बजेट तथा प्रगती समिक्षा :**

आ.व. बर्ष ०८१।०८२ मा प्र.म.रो.का.को बजेट बिनियोजन, सशर्त अनुदान कार्यक्रमको प्रगतीको समिक्षात्मक विवरण यस खण्डमा उल्लेख गरिएको छ ।

**१२.१ बजेटको बिनियोजनः**

आ.ब.बर्ष ०८१।०८२ मा कार्यक्रमको लागी **कुल रु.९१ लाख २९ हजार मात्र** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राजापुर नगरपालिका लागी सशर्त अनुदान रकम छुटाइएको थियो ।

**१२.२ स्थानिय तहलाई बजेट हस्तान्तरणका आधार र आयोजनाको मागः**

प्र.म.रो.का.बाट स्थानीय तहका कार्यक्रम कार्यान्वयन गर्न आ.व. ०८१।०८२ मा कामका लागी पारिश्रमिकमा आधारित आयोजना सन्चालनका लागी सशर्त अनुदानको रकम विनियोजन गर्न देहाय बमोजिमका आधारित लिइएको थियो :

क) गरिब घरघुरी संख्याको आधारमा ६० प्रतिशत

ख) जनसंख्याको आधारमा २० प्रतिशत

ग) दुर्गमताको आधारमा २० प्रतिशत

क) स्थानिय तहमा प्राथमिकताको सुचिकृत आधारमा बेरोजगार व्यक्तिको संख्या

ख) कार्यविधिको तोकेको मापदण्डका आधारमा स्थानीय तहबाट प्रस्तावित आयोजनाको विवरण

**१३ स्थानीय तहबाट आयोजना :**

कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सन्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम मन्त्रालयको मिति २०७६।०७।१४ मा सुचना प्रकाशन गरी अनलाईन माध्यमबाट आयोजना प्रस्ताव गर्ने व्यवस्था मिलाएको थियो । स्थानिय तह अन्तर्गतका वडा तहका आयोजना प्रस्ताव गर्न आवश्यक अनलाईन फारामको निर्माण एवम सो फाराम भर्ने तरिकाका सम्बन्धमा तालिमका व्यवस्था समेत गरिएको थियो । कार्यबिधि बमोजिम कुल १० वटै वडा तहका करिब १४ चरणमा(५४ वटा )आयोजना प्रस्ताबीत योजना अनुरुप कार्य सम्पन्न भएका देहाय बमोजिम आयोजना प्राथमिकिरण गरिएको थियो ।

**१. सिचाई(कुलो,झरन मर्मत) ४० वटा**


**२. सडक निर्माण(नयाँ सडक टयाक निर्माण, सडक स्तरउन्नती) १४ वटा**

**३.** कार्यस्थलमा आधारित सीप/ क्षमता तालिम र जीवन उपयोगी सीप तालिम (वडा नंः ५ मा सडक मर्मतः २० जना र वडा नंः १० मा डकर्मी तालिमः२० सहभागी)

**कामका लागी पारिश्रमिकमा आधारित आयोजनामा सर्शत अनुदान हस्तान्तरण :** स्थानिय तहबाट मापदण्ड पुरा गरी प्रस्ताव गरेका आयोजनाको संख्या तथा EMIS सो विवरण प्रबिष्टि गरेको आधारमा सशर्त अनुदानको रकम राजापुर नगरपालिका, रोजगार सेवा केन्द्रलाई प्राप्त भएको थियो । आइ.डि.ए.तर्फको २ चरण(१६ वटा योजना) सडक ३ आयोजना र सिचाई १३ गरी जम्मा १६ वटा योजनाका र कार्यस्थलमा आधारित सीप क्षमता तालिम र जीवन उपयोगी सिप तालिम १. सडक मर्मत तालिम र डकर्मी तालिममा जम्मा ४० जनालाई ५० दिन तालिम सहभागी भै सम्पन्न गरी लागी कुल रकम रु.२६७२०००। रकम छुटाइएको मध्ये रु.२६,७२,०००। खर्च भएको थियो । जसमा रोजगारी प्राप्त गर्ने श्रमिक संख्या ४० जनाले औषत दिन १०० रोजगारीमा संग्लन गरी जम्मा दिन ४००० रहेको थियो । त्यस्तै गरी नेपाल सरकारको तर्फको १२ चरणमा ( वटा योजनाहरु) कुल रकम रु.२७,२२०००। रकम छुटाइएको मध्ये रु. रु.२७,२२००० खर्च भएको थियो । रोजगारी प्राप्त श्रमिक संख्या १४८ जनाले औषत दिन २७.५३ दरले रोजगारी जम्मा दिन ४०७४.८५ रहेको थियो । आ.बा.०८१।०८२ बर्षमा कुल रकम रु.५३,९४,०००।.(त्रिपन्न लाख चौरानब्बे हजार मात्र) १८८ श्रमिक मध्ये महिला १५३ जना र पुरुष ३५ जनाले रोजगार प्राप्त गरेका थिए भने ८०७४.८५ जम्मा रोजगार दिन ५४.५५९ औषतका दरले श्रमिकहरुको काम गरेका थियो । आ.ब.०८१।०८२ बार्षिक कार्यक्रममा समाबेश भएको योजना संख्या ५४ रहेकोमा योजना सम्पन्न ५४ वटा सम्पन्न रहयो ।

**योजना प्रकार विवरण : आ.ब.०८१।०८२ सम्पन्न योजना विस्तृत विवरण तालिका अनुसार रहेको छ ।**

| योजना प्रकार | योजना संख्या | लम्बाई (कि.मी.) |
|---|---|---|
| सडक | १४ | ४.०३कि. मी. |
| सिचाई(कुलो) | ४० | १९.०४ कि. मी. |
| | | |
| | १४ चरण(५४ योजना) | २३.०४ कि. मी. |




**१३.१ बार्षिक लक्ष्य र प्रगति अवस्था :**

**बार्षिक लक्ष्य र प्रगति अवस्था :**

प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. ०८१।०८२ को बार्षिक लक्ष्य अनुसार प्रगतिको अवस्था :


| बार्षिक लक्ष्य | प्रगती |
|---|---|
| सुचीकृत बेरोजगारका लागी कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सन्चालन | कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी ७२३६ बेरोजगार ब्यक्तिलाई न्युनतम एक सय दिनको रोजगारी दिनको लागी रु.५३,९४०००।.(एक सठी लाख चौरानब्बे हजार मात्र) रुपिया रकम बिनियोजन भएको । उक्त कार्यत्रममा जम्मा १८८ जना मध्ये महिला :१५३ र पुरुष : ३५ले रोजगारीको अवसर प्राप्त गरेको थिए । जस मध्ये १४ वटा सडक मर्मत कार्यक्रम जम्मा ४.०५ कि.मी. र ४० वटा सिचाई कुलो मर्मत १९.०३ कि.मी. निर्माण गरिएको थियो । जम्मा २३.०५ कि.मी. कार्य सम्पन्न भएको थियो । साथै कार्यस्थलमा आधारित उक्त कार्य गर्दा औषत ४२.९५ दिनको रोजगारी उपलब्ध गराइएको |
| १० वटै वडा अन्तर्गत योजना संचालन | १०० प्रतिशत योजना सम्पन्न भयो |
| सुचीकृत रोजगार ब्यक्तिहरुलाई परिचयपत्र बितरण | १०० प्रतिशत सम्पन्त |
| श्रमिकहरुको बैकीङ खाता खोल्ने कार्य | १०० प्रतिशत सम्पन्न |
| संचालन गरेका योजना अनुगमन | १०० प्रतिशत कार्य सम्पन्न |
| संचालन हुने योजनाहरुको सम्झौता सम्पन्न गर्ने | १०० प्रतिशत |
| बिनियोजित रकम खर्च गर्ने | १०० प्रतिशत |
| आ.ब.०८१।०८२ रोजगार संकलन हुने १८८ जना दिने | १०० प्रतिशत |
| प्राविधिक मुल्याकन अनुसार योजना भुक्तानी | १०० प्रतिशत |
| सार्वजनिक सुनवाई बार्षिक १ पटक | १०० प्रतिशत |
| कार्यास्थलमा आधारित सिप तथा क्षमता विकास र जिवन उपयोगी तालिम( सडक मर्मत र डकर्मी तालिम) ४० जना लाई ५० दिनको तालिम दिएको थियो | १०० प्रतिशत |
| रोजगार सम्बाद मन्च कार्यक्रम (संचार कर्मी तथा रोजगारी सम्बन्धी बैठक सम्पन्न) | १०० प्रतिशत |
| महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन सवै वडा कार्यालयमा महिला लक्षित रोजगारी तयारी क्लब गठन भएका छन । | १०० प्रतिशत |
| रोजगार रणनीति अद्याबधिक | १०० प्रतिशत |
| बैदेशिक रोजगारी मुत्यु तथा छात्राबृद्धि | १०० प्रतिशत |
| १० वटै वडा कार्यालयबाट बेरोजगारहरुलाई संकलन गरी EMIS मा सुचिकृत गर्ने | वडाबाट प्राप्त बेरोजगारहरुलाई सुचिकृत आ.व. ०८२।०८३ EMIS मा इन्टी कार्य सम्पन्न गरियो । |
| श्रमिक र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तालिम | १० वटै वडा तह र पालिका स्तरमा सम्पन्न |
| श्रम समान राष्टको अभियान कार्यक्रम | १० वटै वडा तह र पालिका स्तरमा सम्पन्न |
| स्थानिय निर्देशक समितीको बैठक मासिक रुपमा गर्ने | १०० प्रतिशत (समयमा सम्पन्न भएको ) |
| बैदेशिक रोजगार जाने ब्यक्तिहरुको श्रम स्वीकृत, पुनः स्वीकृत कार्य र बैदेशिक रोजगार सम्बन्धी अन्य कार्यहरु | सेवा ग्राहीको आवश्यकता अनुसार कार्य गर्ने |
| योजना प्रभावकारी बनाउने | विपन्न परिवारका सदस्यहरुलाई स्थानीय स्तरका ब्यक्तिहरुलाई रोजगारी दिई उनीहरुलाई आफनो सडकको अपन्त्व भएको महसुस गरे |

**१३.२ कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा अन्य कार्यक्रम गतिबिधिहरु विवरण :**

यस कार्यक्रमबाट न्युनतम रोजगारीका लागी दिगो र उत्पादनशील लगानी कायम गदै कामका लागी पारिश्रमिकको सिद्धान्तमा आधारित सार्वजनिक निर्माण कार्यक्रम मार्फत वडा स्तरमा भौतिक तथा सामाजिक पुर्वाधार विकासमा योगदान पुयाउन आयोजना सन्चालन गरिएका छ। जसको विवरण देहाय बमोजिम रहेको छ


(क) **आयोजना सन्चालन बाडफाट बिनियोजित रकम वडा तहको विवरण**

**आ.ब.०८१।०८२ का** लागी कामका लागी पारिश्रमिकमा आधारित कार्यान्वयन गर्ने वडा तहको योजनाहरुको माग गरि बार्षिक कार्यक्रममा समावेश गरी १० वडाबाट प्राप्त योजनाका आधारमा रकम बाडफाट गरी सोही योजना अनुसार कार्यक्रम कार्यान्वयन विस्तृत चार्ट देखिएको छ ।




**(ख) रोजगारी प्रदान गरिएको बेरोजगार ब्यक्ति संख्या :**

यस राजापुर नगरपालिकामा अन्तर्गतको वडा स्तरमा बेरोजगार फाराम भरेको ब्यक्तिहरुको संकलन भए अनुसार अनुमानित बेरोजगारको अवस्था दश हजार ब्यक्ती फाराम भरेको रहेको देखिन्छ । तर वडा अध्यक्षहरुबाट स्विकृती गरी नपठाइएको हुदाँ उक्त फाराम छानबीनको अवस्थामा नै रहेको छ । आ.व. बर्ष २०८१।०८२ मा सुचिकृत बेरोजगारी ब्यक्तिहरुको ७२३५संख्या जना मध्ये महिला : ४२७८ पुरुष :२९५८ बाट प्रधानमन्त्री रोजगार कार्यक्रमले ८०.७४ ब्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउन रकम भए अनुसार सोही लक्ष्य कार्य अगाडी बढाइएको थियो । तर बेरोजगार संख्या धेरै तथा वडाबाट रोजगारमा आबद्ध गर्नका लागी आवश्यकता भन्दा बढी ब्यक्ती छनौट गरी पठाउदा काम केही ढिलाई हुदाँ काम गर्न बाताबरण असहज हुदाँ स्थानिय निर्देशक समिति बैठक निर्णय अनुसार आइ.डि.ए तर्फको योजनामा भने १०० दिन रोजगार अवसर प्रदान गर्न र नेपाल सरकार तर्फको योजनामा वडा बाट छनौट भएका ब्यक्तिहरुलाई रोजगार अवसर प्रदान गर्ने जे जति दिन उपलब्ध हुन्छ सोही अनुसार कार्य गर्न निर्देशन भए बमोजिम कार्य अगाडी बढाईको थियो । आइ.डि.ए तर्फका रोजगार संकलन हुने ब्यक्ती ४० जना छनौट गरियो र नेपाल सरकार तर्फको १४८ जनालाई छनौट गरी रोजगारमा संकलन गरीएको थियो । कारण अन्य वडामा भएको सुचिकृत ब्यक्तिहरुलाई रोजगार दिन नमान्दा रोजगारी लक्ष्य अनुसार कार्य हुन सकेन सोहि अनुसार अन्य वडामा श्रमिकहरुलाई जम्मा गरी १८८ जनालाई औषतमा ४२.९५ दिन रोजगारी दिइएको थियो । स्थानिय तहको जग्गा बिबाद र वडा तहबाट श्रमिक समयमा छनौट नगरी पठाइ दिदा भएका कारणले लक्ष्य प्राप्ति र उदेश्य अनुरुपमा क्रियाकलाप सन्चालनमा समेत चुनौति उत्पन्न भएको थियो ।




(ग) **श्रम स्विकृति पुन स्विकृति लिएका व्यक्तिहरुको विवरण अ ब ०८१।०८२ राजापुर नगरपालिकाबाट सेवा पंदान**

| राजापुर नगरपालिकाबाट श्रम स्विकृती लिइ जाने ब्यकतीहरु विवरण (आ.व. ०८१।०८२) प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | श्रमिक संख्या | कुन देश | महिला | पुरुष | कैफियत |
| 1 | 16 | Malaysia | 0 | 16 | |
| 2 | 3 | Bahrain | 0 | 3 | |
| 3 | 3 | Kuwait | 0 | 2 | |
| 4 | 1 | Maldives | 0 | 1 | |
| 5 | 1 | Oman | 0 | 1 | |
| 6 | 8 | Qatar | 0 | 8 | |
| 7 | 1 | Romania | 0 | 1 | |
| 8 | 20 | Saudi Arabia | 0 | 20 | |
| 9 | 11 | UAE | 1 | 11 | |
| | 64 | | 1 | 63 | |

| **राजापुर नगरपालिकाबाट श्रम स्विकृती लिएका व्यक्तिहरुको विवरण(2080-01-01 गते देखि 2082-02-12 गते) सम्म** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.स.** | **नाम** | **ठेगाना** | **गन्तब्य मुलुक** | **मिति** | **पेशा** | **Approval type** |
| 1 | Jalbir Tharu | Rajapur-8, Saduwa | Saudi | 2080-02-01 | Gardener/Helper | Re |
| 2 | Sanjay Chaudhary | Rajapur-8, Fattepur | Malaysia | 2080-02-17 | Cook | Re |
| 3 | Chandra Bahadur Chandara | Rajapur-10, Karmohani | Saudi | 2080-02-26 | Cleaner/Public Building | Re |
| 4 | Dil Ram Tharu | Rajapur | Malaysia | 2080-03-06 | Gardener/Worker | Re |
| 5 | Hari Ram Chaudhary | Rajapur | Malaysia | 2080-03-21 | Bartender | Re |
| 6 | Shankar Giri | Rajapur-6, Tapara | UAE | 2080-03-24 | Security Guards(PSBD) | Re |
| 7 | Kamal Narayan Tharu | Rajapur-6, Mahuwa | Bahrain | 2080-04-31 | security guard | Re |
| 8 | Mohan Lohar | Rajapur-10, Karmohani | Saudi Arabia | 2080-05-12 | general labor | Re |
| 9 | Santosh Chaudhary | Rajapur-2,Tarna Bargadahi | UAE | 2080-05-14 | Helper | Re |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10 | Devi Prasad Tharu | Rajapur-9, Durganagar | Qatar | 2080-06-09 | Plumber Labor | Re |
| 11 | Mayalu Tharu | Rajapur-1, Daulatpur | Qatar | 2080-06-10 | Labour/Helper | Re |
| 12 | Ashok Kumar Jaishi | Thakurbaba-4, Bawanpur | Qatar | 2080-06-17 | Cook | Re |
| 13 | Naresh Bhandari | Rajapur-6, Jogipur | UAE | 2080-07-15 | Laundary Attendant | Re |
| 14 | Naresh Tharu | Rajapur-9, Durganagar | UAE | 2080-07-17 | Ordinary Labourer | Re |
| 15 | Shyam Bahadur Tharu | Rajapur-7, Bhimmapur | Qatar | 2080-07-17 | Labourer | Re |
| 16 | Raj Kumar Tharu | Rajapur-2, Gwari | Saudi | 2080-07-20 | scaff folder | Re |
| 17 | Chet Narayn Chaudhary | Rajapur-5, Nihalpur | Saudi | 2080-07-20 | Restaurant Labor | Re |
| 18 | Bal Krishna Nepane | Rajapur-5, Basanta | Saudi | 2080-08-3 | Labor | Re |
| 19 | Rosham Lal Chaudhary | Rajapur-1, sonpur | Malaysia | 2080-08-06 | Security Guards | Re |
| 20 | Amrit Kumar Chaudhary | Rajapur-1, sonpur | Malaysia | 2080-08-06 | Security Guards | Re |
| 21 | Ramkrishna Malla | Rajapur-3, Rajpurawa | Japan | 2080-08-17 | cook | Re |
| 22 | Sarvan Chaudhary | Geruwa-4, Jodhipur | Malaysia | 2080-08-26 | Cleaning service worker | Re |
| 23 | Bhagiram Chaudhari | Rajapur-10, Dhundipur | UAE | 2080-08-30 | General Helper | Re |
| 24 | Dinesh Kumar Chaudhary | Rajapur-2, Nayagaun | UAE | 2080-09-01 | Security Guards | Re |
| 25 | Sukum Raj Tharu | Rajapur-4, Rajapur | Saudi | 2080-09-10 | Helper | Re |
| 26 | Yogesh Chaudhary | Rajapur-5, Jayapur | UAE | 2080-09-14 | scaff folder | Re |
| 27 | Sankar BK | Rajapur-5, Jayapur | Qatar | 2080-09-14 | Labourer | Re |
| 28 | Asman Tharu | Rajapur-5, Badalpur | UAE | 2080-10-09 | Ordinary Labourer | Re |
| 29 | Niraj Gurung | Rajapur-7, Bhimmapur | UAE | 2080-10-10 | Cleaner | Re |
**(ख) न्युनतम रोजगारीः प्र**दान गरिएको बिपन्न बेरोजगारको संख्या ६०० आबेदन दिएका मध्ये प्रथम बर्षमा ०७५।०७६ न्युनतम रोजगारी ३००जनालाई प्रतिब्यक्ति औषत २९ रोजगार उपलब्ध आ.वा २०७६।०७७मा न्युनतम बेरोजगारी संख्या १३०९ जना बेरोजगार सुचिकृत रहेकोमा कुल १२०६जनालाई प्रतिब्यक्ति औषत १० दिन रोजगारी उपलब्ध गराइएको विवरण उल्लेख छ ।आ.व. ०७७।०७८ न्युनतम रोजगारीका लागी आवेदन दिएका बेरोजगारी संख्या २७३३ जना बेरोजगार सूचिकृत रहेकामा कुल ८६६ जनालाई प्रतिब्यक्ति औषत ३५ दिन रोजगारी उपलब्ध गराइएको थियो । आ.ब.०७८।०७९ न्युनतम रोजगारीका लागी आबदेन दिएका संख्या ९४० जना बेरोजगार सूचिकृत रहेका कुल १७९ जनालाई प्रतिब्यक्ति औषत ७४ दिन रोजगारी उपलब्ध गराइएको थियो साथै आ.ब. ०७९।०८० न्युनतम रोजगारीका लागी आबदेन दिएका संख्या ६९७१ जनाले फाराम भरेकोमा ५३८ जना मध्ये महिला ४०२ जना र पुरुष १३६ जनाले प्रतिब्यक्ति औषत ७५.६५३ दिन रोजगारी उपलब्ध प्रदान गरिएको छ र आ.ब. ०८०।०८१ न्युनतम रोजगारीका लागी आबदेन दिएका संख्या ७२८५ जनाले फाराम भरेकोमा मध्ये महिला ४३०६ जना र पुरुष २९७८ जनाहरु मध्येबाट २१७ जना लाई रोजगारी प्रतिब्यक्ति औषत ४२.७३ दिन रोजगारी उपलब्ध प्रदान गरिएको छ साथै र आ.ब. ०८१।०८२ न्युनतम रोजगारीका लागी आबदेन दिएका संख्या ७२३६ जनाले फाराम भरेकोमा मध्ये महिला ४२७८ जना र पुरुष २९५८ जनाहरु मध्येबाट १८८ जनामा महिला १५३ र पुरुष ५३ जनालाई रोजगारी प्रतिब्यक्ति औषत ४२.९५ दिन रोजगारी उपलब्ध प्रदान गरिएको छ। रोजगारी उपलब्ध गराउने क्रममा औषत रोजगारी दिनमा हाल बृद्धि नभए तापनि एक सय दिनको रोजगारी सृजना गर्ने लक्ष्य प्राप्तिका लागी कार्यक्रम कार्यान्वयनकर्ताले ध्यान दिनु पर्ने देखिएको छ।

**(ग) आयोजनाको संख्यात्मक विवरण चार बर्षको अवस्था :**

| आ.व. | सुचिकृत बेरोजगार | रोजगार प्राप्त | औषत प्रगती प्रतिशत | जम्मा दिन | औषत दिन |
|---|---|---|---|---|---|
| 081-082 | 7237 | 188 | 96.054 | 8074.85 | 42.951 |
| 080-081 | 7285 | 217 | 93.13 | 9272.45 | 42.73 |
| 079-080 | 6971 | 538 | 93 | 40701 | 75.65 |
| 078-079 | 940 | 179 | 59 | 13268 | 74.12 |




| | 081-082 | 080-081 | 079-080 | 078-079 |
|---|---|---|---|---|
| रोजगार प्राप्त | 188 | 217 | 538 | 179 |
| सुचिकृत बेरोजगार | 7237 | 7285 | 6971 | 940 |

**१७. कार्यक्रमबाट प्राप्त उपलब्धीहरु :**

**१७.१ नीतिगत अध्ययन:**

नेपाल सरकारले आ.ब.०७५।०७६ को नीति तथा कार्यक्रम मार्फत आगामी पाँच बर्ष भित्रमा बाध्यात्मक बैदेशिक रोजगारीलाई अन्त्य गर्ने घोषणा गरेको प्रतिबद्धता बमोजिम सरकारले विगत दुई बर्षमा अबलम्बन गरेका नीति तथा कार्यक्रम आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने तर्फ केन्दित रहेका छन ।

आन्तरिक रोजगारी सृजना हुने प्रमुख क्षेत्रका नीतिगत पक्षमा अध्ययन बिश्लेषण गरी बिकास प्रक्रियामा मुल प्रवाहिकरण गर्ने प्रयोजनको लागी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग सम्झौता गरी नीतिगत अध्ययन गराएको थियो । उक्त अध्ययनबाट सङ्घीय स्तरमा रोजगारी सृजना गर्ने नौ वटा नीतिको अध्ययन गरी प्रतिबदेन प्राप्त भएको छ । प्रतिबेदनले रोजगारीसृजनाको सम्बन्धमा हुन चाहने बेरोजगार ब्यक्तिको विवरण, कामका लागी पारिश्रमिकमा आधारित आयोजनाको विवरण लगायतका बिषयहरु मात्र समावेश भएकोमा रोजगारमुलक सेवा र सुविधा प्रदान गर्ने बिषयहरु समेत समावेस गरी स्तरोन्ती गर्ने कार्यलाई निरन्तरता दिदै राष्ट्रिय रोजगार ब्यवस्थापन सुचना प्रणाली स्थापित गर्ने प्रकृया अगाडी बढाइएको छ ।

**१७.२ आन्तरिक रोगजारीको लागी नीतिगत छलफल तथा पृष्ठपोषणः**

मन्त्रालयले आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने सन्दर्भमा २०७६।०३।१५ र १६ मा राष्टिय श्रम तथा रोजगार सम्मेलनको आयोजना गरेको थियो । सम्मेलनमा आन्तरिक रोजगारीको बर्तमान अवस्था,कार्यान्वयनका चुनौती र सम्भावनाका बिषयमा सघन छलफल भएको थियो ।

**१७.३ श्रमिकको कार्यस्थल दुर्घटना बिमा**ः प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारीको माध्यमबाट श्रमिकलाई सामाजिक संरक्षण प्रदान गर्ने कार्यक्रम रहेकोले रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउनु पूर्व श्रमिकको कार्यस्थल दुर्घटना बिमा गर्ने परिपाटीलाई संस्थागत गरिएको छ।

**१७.४ रोजगार व्यवस्थापन सुचना प्रणालीको स्तरउनन्तीः**

मिति २०७६।९।२२ देखि सन्चालनमा आएको रोजगार व्यवस्थापन सुचना प्रणाली सन्चालन तथा कार्यान्वयनको क्रममा पहिचान भएका सुधार गर्नुपर्ने बिषयहरुलाई सुधार गदै लगीएको छ । बिगत न्युनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार व्यक्तिको विवरण, कामका लागी पारिश्रमिकमा आधारित आयोजनाको विवरण लगायतका बिषयहरु मात्र समावेश भएकोमा रोजगारमुलक सेवा सुबिधा प्रदान गर्ने बिषयहरु समेत समावेश गरी स्तरोननती गर्ने कार्यलाई निरनतरता दिदै राष्टिय रोजगार व्यवस्थापन सुचना प्रणाली स्थापित गर्ने प्रकृया अगाडी बढाइएको छ ।

**१७.५ युवा रोजगारीको लागी रुपान्तरण पहल आयोजना सन्चालनः**

आयोजनाले बिशेष गरी बेरोजगार युवा र महिला लक्षित रोजगारी,जीवन उपयोगी तालिम र श्रम बजारमा महिला श्रमशक्तिको पहुँच बृद्धि गर्न रोजगारीका लागी तयारी क्लव गठन गर्ने लगायतका क्रियाकलाप सन्चालन गर्ने छ । थप जनशक्तिको व्यवस्था तथा रोजगारमुलक सेवा र सुविधाको सृदृढिकरण लगायतका कार्यमा सहयोग गर्ने छ ।

सुचिकृत बिपन्न बेरोजगार व्यक्तिलाई लक्षित गरी थप रोजगारी तथा रोजगारमुलक सेवा प्रदान तथा आन्तरिक रोजगारीलाई प्रबर्द्धन गर्न नेपाल सरकार र विश्व बैक बीच नोभेम्वर २०१९मा हस्ताक्षर भई बिश्व बैकको ऋण सहयोगमा आर्थिक रुपमा बिपन्न बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना सीप तथा क्षमता अभिबृद्धि र रोजगारमुलक सेवा सुविधा तथा सहायताको विस्तार मार्फत श्रम बजार को परिणाममा सुधार ल्याउने लक्ष्यका साथ  युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन ल्याइएको छ **। पाँच बर्ष (सन १२ सेम्टेम्वर २०१९ देखि ३० जुन २०२४ सम्म**) सन्चालन हुने यस आयोजनाको कुल रकम १२० मिलियन अमेरिकी डलर (करिब रु.१४ अर्ब रुपैया बराबर)रहेको छ । साथै यस बाट स्थानिय तहमा सन्चालनमा रहेका रोजगार सेवा केन्द्रको क्षमता अभिबृद्धिका क्रियाकलाप समेत हुनेछ । यस आयोजनाका मुख्य मुख्य तीन वटा उदेश्यहरु रहेका छन :

१. रोजगार प्रबद्धर्न प्रणाली र सेवाको सृदृढीकरण

२. जोखिम पुर्ण अवस्थामा रहेका समुहका लागी श्रम बजारको उपलब्धीमा सुधार अभिबृद्धि

३. आयोजना व्यवस्थापन, अनुगमन तथा मुल्याकन र क्षमता बिकास

न्युनतम रोजगारी तथा आन्तरिक रोजगार प्रबर्द्धन सम्बन्धी देहायका कार्यमा आयोजनाका क्रियाकलाप केन्द्रित रहेका छन ।

- रोजगारका अवसरको सिर्जना, सीप तथा क्षमता अभिबृद्धि र रोजगार सेवाको विस्तार मार्फत युवाको लागी श्रम बजारको परिणाममा सुधार ल्याउने
- रोजगारमुलक सेवा र सुविधा सम्बन्धी प्रणालीको विकास तथा विस्तार गरी लक्षित बर्गको पहुँच अभिबृद्धि गर्ने
- १० दिन सम्मको जीवन उपयोगी सिप विकास र ५० दिनसम्मको कार्यस्थलमा आधारित सिप बिकास तथा क्षमता अभिबृद्धिका क्रियाकलापलाई ४०जना बेरोजगारलाई लक्षित गरी सन्चालन गरिने छ ।
- तोकिएका १० वटा वडा तहका महिला लक्षित रोजगारीका लागी तयारी कलबको सन्चालन गरिने छ
- कुल युवा १८ देखि ४० बर्षका लाभग्राही संख्या ६० प्रतिशत रहने
- रोजगार सेवा केन्द्र थप २ जना कर्मचारी राजपुर नगरपालिकामा र करिब १० वटा वडा तहमा रोजगारीको लागीसहजकर्ताको बजेट स्थानिय तहबाट व्यवस्था गर्ने

### १७.६ अन्य उपलब्धिः

यस कार्यक्रमले आन्तरिक रोजगारी प्रबर्द्धनको लागी सरोकारवालासँग पटक पटक छलफल अन्तरक्रिया गरी आन्तरिक रोजगारी र स्वरोजगारीलाई राष्टिय महत्वको रुपमा स्थापना गरेको छ । आ.ब.०७८।०७९ मा सवै तहका सरकारको प्रमुख महत्वको बिषयको रुपमा आन्तरिक रोजगारी परेको छ । प्रदेश सरकार र स्थानीय सरकारले समेत यस कार्यक्रमलाई अनुसरण गरी श्रम सम्मान राष्ट्र अभियान कार्यक्रम,रोजगार सम्बाद मन्च,रोजगार रणनीतिक, नगर प्रमुख रोजगार कार्यक्रम आदि नामका रोजगारमुलक कार्यक्रमहरु सन्चालनमा आएका छन । यस कार्यक्रमबाट श्रमिकको ज्याला गर्दा अनिवार्य रुपमा बैक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्थाले बिपन्न वर्गको पारिवारिक तहमा समेत वितिय साक्षरता अभिबृद्धि भएको छ । यसले सरकारको हरेक नागरिकको बैक खाता खोल्ने नीतिमा समेत सहयोगी भुमिका निर्वाह भएको छ । बितिय अनुशासन कायम गर्न सहयोग मिलेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नबौ संशोधन मिति २०७६।९।१४बाट सार्वजनिक निर्माण गर्ने निर्माण ब्यवसायीले रोजगार सेवा केन्द्रबाट श्रमिक लिन सकने ब्यवस्था थप भएको छ । यस ब्यवस्थाले रोजगार सेवा केन्द्रमा आबद्ध भएका बेरोजगार ब्यक्तिले रोजगारी पाउने सम्भावना विस्तार भएको छ ।

## १८.रोजगार सृजनाका माध्यम र कार्यक्रमबाट भएको सिकाइ

नेपाल संविधानले मौलिक हकका रुपमा स्थापित गरेको रोजगारीको हकलाई कार्यान्वयन गर्नु तीनै तहका सरकारकाहरुको सामुहिक जिम्मेवारी हो । विभिन्न रोजगार कार्यक्रमहरु मध्ये बिपन्न बेरोजगार लक्षित न्युनतम रोजगारमुलक कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा छ ।

**मुख्य सिकाईहरुः**

### १८.१ रोजगारी सृजनाका माध्यमहरु :

सामान्यतया बेरोजगारी तथा न्युन रोजगारीलाई समाधान गर्न सिद्धान्त निम्न क्रियाकलाप रहेको छन ।

- पुंजिगत लगानी बृद्धि गरी दिगो रोजगारी सृजना गर्ने कार्य
- दीर्घकालीन रुपमा पुर्ण तथा न्युन रोजगारीको समस्यालाई समाधान गर्न आन्तरिक र बैदेशिक रोजगारीको प्रबर्द्धनात्मक क्रियाकलाप सन्चालन गर्ने

### १८.२ कार्यक्रमको आलोचना :

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको प्रथम बर्ष २०७५।०७६ मा केही स्थानीय तहबाट सन्चालन आएका आयोजनाहरु उत्पादनशिल हुन नसकेको भनी केही सन्चार माध्यम तथा सामाजिक सन्चालनमा नकारात्मक टिकाटिप्पणी आएका थिए । रोजगारी र न्युनतम रोजगारी बीचको भिन्नताको सार्वजनिक स्तरमा असमान बुझाईले राम्रा नीतिगत प्रयासमा समेत केही आलोचना स्वर सुनिएको अवस्था छ । कार्यक्रमबाट बिगतका बर्षहरुमा स्थानीय तहबाट सन्चालित कतिपय क्रियाकलापहरु मध्ये सरसफाइ जन्य काम गरेको भनी आलोचना भएको छ । कार्यक्रमले अबलम्बन गरेको लक्ष्य बमोजिम स्थानिय तहको आवश्यकता बमोजिम सन्चालन भएका कार्यहरु प्रति नकारात्मक धारणको प्रचार हुदाँ लक्षित बर्ग प्रति न्याय हुने देखिदैन । श्रम बजारमा शिक्षा, सीप,र उपलब्ध अवसर बीच तादाम्यता कायम गर्न बेरोजगारको पहुँच बृद्धिका क्षेत्रगत रणनीति क्रियाकलाप समेत सन्चालन नहुदाँ यस प्रकारका टिकाटिप्पणी आउनु स्वाभाविक हुन्छ । आगामी दिनमा विकास गरिने राष्टिय रोजगार कार्यक्रम ब्यवस्थापन सुचना प्रणालीले यस प्रकारका दुबिधा हटाई कार्यक्रम प्रतिको समान बुझाई कायम गर्न सहयोग गर्ने बिश्वास छ । गाँउघर तिर विपन्न परिवारका लागी होइन यो राजनीतिक कार्यकर्ताका लागी ल्याइएको योजना हो कुराको नकारात्मकका कुरा भ्रमण फैलाइएको देखिन्छ । वास्तवीक विपन्न परिवारहरुलाई छनौट गरी रोजगारमा संग्लन गराउदै लैजानु पर्ने देखिन्छ ।

### १८.३ कार्यक्रमको यथार्थताः

सार्वजनिक रोजगारी सृजना गर्ने कार्यमा कामका लागी पारिश्रमिकमा आधारित सार्वजनिक निर्माण कार्य सन्चालन गर्ने बिधि अन्तराष्ट्रिंय स्तर मै प्रचलित र नेपाल मै पनि विगत केही दशक देखि नै कार्यान्वयन रहेको विधि हो । सामाजिक संरक्षणको मान्यता बमोजिम युवा अवस्थाको उत्पादकत्व प्रयोग गरी सार्वजनिक निर्माण कार्यमा प्रयोग हुनु सान्दभिक हुने हुनाले प्रधानमन्त्री रोजगार कार्यक्रमको कामका लागी पारिश्रमिकमा आधारित आयोजना सन्चालन गर्दै आएको छ ।

आ.ब.२०७५।०७६ मा पारिश्रमीकमा आधारित आयोजना सन्चालन कार्यबिधि कार्यान्वयनको अनुभवको आधारमा आ.ब.२०७६।०७७ मा सो कार्यविधिमा परिमार्जन गरी उत्पादनशील सामुदीयक पुर्वाधार निर्माणको क्षित्रमा रोजगारी सृजना गर्न स्थानीय तहलाई गरी उत्पादनशिल सामुदायिक पुर्वाधार निर्माणको क्षेत्रमा रोजगारी सृजना गर्न स्थानिय तहलाई प्रोत्साहन गरिएको थियो । कार्यक्रमको उदेश्य बिपन्न वर्गलाई रोजगारी प्रत्याभुति गर्ने सम्बन्धमा सुचिकृत बेरोजगार ब्यक्ति मध्ये बेरोजगार सुचि निर्धारण तथा प्राथमिकिरण मार्गदर्शन २०७६

बमोजिम प्राथमिकता प्राप्त बिपन्न बेरोजगार बर्गलाई न्युनतम रोजगारीको अवसर दिने छ ।

### १८.४ कार्यक्रमबाट भएको सिकाई :

राष्टिय स्वरुपको न्युनतम रोजगारी र रोजगारमुलक सेवा राजापुर नगरपालिकाबाट प्रत्याभुति हुने गरी जारी भएको प्र.म.रो.का. कार्यान्वियन गर्दा देहायका मुख्य सिकाई हासिल भएका छन ।

क) बृहत्तर कार्यक्षेत्र समेटने लक्ष्य लिई कार्यक्रम सन्चालन गर्दा पर्याप्त पुर्व तयारी,साधन स्रोतको प्रक्षेपण र स्वामित्व भाव सृजना गरेर कार्यान्वयनमा ल्याउदा अपेक्षित नतिजा समय मै प्राप्त हुने ।

ख) रोजगारले पार्ने प्रभाव र यसबाट प्राप्त हुने उपलब्धीका सम्बन्धमा हालसम्म ब्यवस्था गरिएको रोजगारी सम्बन्धी नीति संस्थागत संरचना,कार्यक्रम र आयोजना प्रति नेतृत्वदायी सरोकारवाला बीच अबधारणागत एकरुपता,कार्यान्वियन तहमा प्रभावकारिता र अपनत्वको प्रतिबद्धताले नै सफलता उन्मुख गराउने ।

ग) लक्षित वर्गको पहिचान र छनौट प्रक्रिया सुव्यवस्थित गर्न बिद्यमान संयन्त्रको ठोस समनवयात्मक प्रयास आवश्यक देखिएको

घ) रोजगार सम्बन्धी बिभिन्न तथ्य, तथ्याडक र विवरण एकीन गर्ने सुचना प्राविधियुक्त स्वचाालित प्रणालीको विकास गर्नु पर्ने

ङ) रोजगारी अन्तर क्षेत्रीय र बहुआयामिक बिषय भएकोले क्षेत्रगत विकास नीति ता कार्यक्रम बीच कार्यात्मक समन्वय कायम गर्दा प्रभावकारी हुने ।

च) श्रम बजारका अवसर र विबिधतालाई उपयोग गर्न रोजगारीको पारिस्थितीकिय प्रणालीका समग्र पक्षमा बिचार गरी क्षेत्रगत रणनीतिक योजना तर्जुमाले दिगो नतिजा दिन सकने ।

छ) अन्तर तह तथा अन्तर निकाय संस्थागत क्षमता विकास भएमा अपेक्षित उपलब्धि प्राप्त हुने

ज) कामका लागी पारिश्रमिकमा आधारित सार्वजनिक निर्माण कार्यका आयोजना सन्चालन तथा ब्यवस्थापन सम्बन्धमा सिकाइहह देहाय छन :

- आयोजना छनौट
- प्राविधिक क्षमता

झ) रोजागर सेवा केन्द्रको प्रभावकारीता:

ञ) सामुदायिक ब्यक्तिहरु सहभीगताले रोजगारी प्रभाव बढने

### १९.रोजगार ब्यवस्थापन सुचना प्रणाली:


रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को नियम २२ मा ब्यवस्था भए बमोजिम प्रत्येक रोजगार सेवा केन्द्रले बेरोजगार ब्यक्ति तथा रोजगारदाताको बिवरण सहितको एकीकृत अभिलेख प्रणाली कायम गर्न रोजगार ब्यवस्थापन सुचना प्रणाली सन्चालन ल्याइएको छ । यस मुख्य बिशेषताहरु निम्नानुसार रहेका छन ।


### १९.१ रोजगार ब्यवस्थापन सुचना प्रणालीको विकास तथा सन्चालन:

प्रधानमन्त्री रोजगार कार्यक्रमले आर्थिक बर्ष २०७६।०७७ देखि रोजगार ब्यवस्थापन सुचना प्रणालीको विकास गरेको र उक्त प्रणाली प्रारम्भिक चरणको तथ्याक प्रविष्टी गर्ने र सामान्य प्रकृतिको प्रतिबेदन निकाल्न सकिने गरी विकास गरिएको छ । यस प्रणालीको सन्चालन पश्चात मुलुकको सवै स्थानिय तहबाट सुचना प्रविष्टि हुने र सोको विवरण नियमित रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट मार्फत स्वचालित तवरले प्रकाशन हुने ब्यवस्था मिलाइएको छ ।

### १९.२ सुचना प्रणालीको सन्चलनका लागी अफलाईन सर्भर:

रोजगार ब्यवस्थापन सुचना प्रणालीको समान्य सन्चालन हुने सफटवेयर राखिएको छ । ब्यवस्थापन सुचना प्रणाली भएको पछिल्लो स्तरोउन्ती समेतलाई यस सर्भरमा राखी स्थानीय तहमा सुरक्षित डाटा राख्न सकिन्छ ।




ब ०८१।०८२

## २०.अनुगमन तथा मुल्याकन :

आ.ब.०८१।०८२ बर्षको कार्य योजनामा अनुगमन तथा मुल्याकनको नगरपालिकाबाट तयार भएको अनुगमन तथा मुल्यांकन खाका अनुसारको आयोजना समेतको कार्यान्वयनलाई ध्यानमा राखी कार्यन्वयन भएको थियो । सोही अनुरुप यस बर्षमा रोजगार सेवा केन्द्र तथा यस कार्यक्रमबाट सन्चालन हुने क्रियाकलापका सम्बन्धमा प्रदेश तथा स्थानिय तहको निर्देशन समिति तथा रोजगार सम्बाद मंचहरुको प्रभावकारी परिचालनमा समेत ध्यान दिनु पर्ने देखिएको छ ।

## २०.१ आयोजनाहरुको अनुगमन

### (क) वडा समितिहरुबाट अनुगमन

राजापुर नगरपालिका र रोजगार उपभोक्ता समिति विच सम्झौता भई रोजगार उपभोक्ता समिति मार्फत संचालित कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजनाहरु प्रभावकारी रुपमा  संचालनका गर्नका लागि सबै वडा समितिहरुले कार्यक्रमको पटक-पटक स्थलगत अनुगमन गरी सुझाव,सल्लाह दिने कार्य गर्नु भएको थियो ।

### (ख) स्थानीय निर्देशक समिति तथा पालिका स्तरबाट अनुगमन विवरण

वडा तहमा संचालित १० वटै वडा गरी ५४ वटा योजनाहरुको बिभिन्न मितिहरुमा स्थानीय निर्देशक समितिका अध्यक्ष नगरप्रमुख श्री दिपेश चौधरी र नगर उप प्रमुख तथा अनुगमन संयोजक श्री मनकला कुमारी चौधरीको नेतृत्वमा प्रमुख प्रशासकिय अधिकृत दशरथ बुढा, वडा नं १० वडा अध्यक्ष श्री शिवलाल चौधरी ,वडा नं.५ वडा अध्यक्ष श्री रमेश चौधरी भौतिक पुर्वाधार तथा प्राविधिक शाखा प्रमुख इन्जिनियर शंकर प्रसाद भटराई ,रोजगार सेवा केन्दको प्रमुख रोजगार संयोजक र योजना शाखा ,रमेश कुमार पोखेल, प्राविधिक सहायक राज कुमार चौधरी, रोजगार सहायक श्री यम कुमार परियार आदि सहितको टोलीले वटै वडाका सम्पुर्ण योजनाहरुको स्थलगत अनुगमन तथा मुल्यांकन गरी आवश्यक सुझाव सल्लाह दिनु भएको थियो । स्थगलत अनुगमनमा रोजगार उपभोक्ता समितिले समय मै काम सम्पन्न गरेको काम सन्तोषजनक रहेको थियो । अनुगमनको विस्तृत तालिकामा प्रस्तुत गरीएको छ ।

**राजापुर नगरपालिका रोजगार सेवा केन्द्र , प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना आ.व. ०८१।०८२ प्रगती विवरण तथा अनुगमन प्रतिबेदन**

| वडा नं. | कार्यक्रम /योजना संचालन | योजना प्रकार | योजना संख्या | बिनियोजित बजेट | ज्यालामा भएको खर्च | रोजगारी संख्या | औषत रोजगारी दिन | पालिका स्तर अनुगमन मिति | वडा स्तर अनुगमन मिति | अनुगमनको नेतुत्व | उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.मुर्गहवा कदम चोक देखि चनौरा सम्म बाटो स्तर उन्ती २.सोनपुर गाँउको लोहारपुर टोल देखि चनौरा सम्म बाटो स्तर उन्ती | सडक | 2 | 340000 | 338008 | 18 | 28.11 | 2081.12.20 | 2081.12.5 | नगर संरक्षक नगर प्रमुख दिपेश थारु र नगर उप प्रमुख श्री मनकला कुमारी चौधरीको नेतुत्वमा तपसिलका कर्मचारीहरु १. दशरथ बुढा २. शंकर प्रसाद भटराई ३. रमेश कुमार पोखेल ४. आभाष | वडा तहको योजनाहरु बार्षिक कार्यक्रममा समाबेस भन्दा बढी नै कार्य गरेका हुदाँ भौतिक प्रगती १०० प्रतिशत नै रहेको छ । १. बिपन्न व्यक्तिहरुले रोजगार प्राप्त गरेका छन २.सडक स्तरउन्नती गरिएको हुदाँ व्यक्तिहरुलाई आवत जावतमा सहज भएको छ। |
| २ | वडा नं.२ अन्तर्गतको: १.ज्ञानदिप प्रा.वि. बर्गदहीको सडक स्तरोउन्नती २.सोहरिया बुढिकुलो देखि उत्तर तर्फ सडक स्तरोन्नती | सडक | 2 | 448896 | 330660 | 30 | 27.5 | 2081.12.03 | 2081-11.15 | | |
| ३ | **पहिलो** चरण वडा नं.३ अन्तर्गतका योजना: १.प्रयागपुर जिवनलालको खेत देखि उत्तर टेडियाको सिमाना सम्म पटवारी कुलो मर्मत २.चख्खापुर देखि प्रयागपुर सम्म कुलो मर्मत ३.मुरैया बसन्ता कुलो मर्मत ४.मुरैया बसन्ता कुलो मर्मत ५.उत्तर टेडिया जोगिलाल थारुको घर देखि गोनाना ताल सम्म कुलो मर्मत ६.उत्तर टेडिया भावनाको घर देखि भेर खोला सम्म बाटो निर्माण ७.तिघ्रा छतिवन कुलो | सिचाइ | 12 | 375557 | 240480 | 18 | 20 | 2082.03.2 | 2082.03.2 | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मर्मत ८.तिघ्रा धुम्रि कुलो मर्मत ९.नगापुर सिरीपुर कुलो मर्मत १०.सिन्दुरा बोक्सीनिया मोहर देखि प्रयागपुरको अन्तिम सम्म कुलो मर्मत ११.सिन्दुरा आशारामको घर देखि अन्तिम सहेल कुलो मर्मत १२.सिन्दुरा भारती दहालको खेत देखि अन्तिम सम्म गाँउको झरन मर्मत | | | | | | | | | चौधरी ५.राज कुमार चौधरी ६. यम कुमार परियार ७. हुकुम बोहरा ८. बसन्त मल्ल ९.मनिराम थारु आदि संग्लन रही उक्त अनुगमन को समितिका प्रतिबेदन यसै साथ राखी पेश गरीएको छ। | ३.कुलो झरन आदि मर्मत गर्दा खेतीबालीमा सहभज भएको छ। ४. बिद्यालयको फिल्डमा माटो पटानी गर्दा बिद्याथीहरुलाइ आवतजावतमा सहज भएको छ। ५.कुलोको तटबन्धन गर्नाले खेती योग्य जमीन नष्ट हुनबाट बचाइएको छ। |
| | दोश्रो चरण वडा नं.३ योजनाः १.तिघ्रा गाँउको चौदवहा टोलमा बाटोमा नयाँ ट्रयाक निर्माण २. टेडिया गाँउको डोल राजको आचार्यको घर देखि बिक्रमपुर राहान घर सम्म बाटोको नयाँ ट्रयाक निर्माण | सडक | 2 | 175350 | 120240 | 0 | 10 | 2082.02.29 | 2082.03.2 | | |
| ४ | वडा नं.४ अन्तर्गतका योजना: १.शान्तिपुर मुक्त कमैया टोलको खिदिया थारुको घर देखि हुलाकी राजमार्ग जोडने स्तरउन्ती तथा मर्मत | सडक | 2 | 385770 | 291248 | 21 | 20.76 | 2082.01.31 | 2082.1.31 | | |
| ५ | दोश्रो चरण वडा नं. ५ ः १.रुपलाल थारुको घर देिख रतैया नाला सम्मको झरन मर्मत-कृष्णनगर- २. कृष्णनगर बाँध देिख आरती चौधरीको खेत सम्म डुम्री कुलो मर्मत ३. रुपालाल थारुको खोर देिख छबी गौतमको खेत सम्मको कुलो मर्मत ४. सेम्राहवा कुलो मर्मत ५.िसचाइ कुलो कृष्णनगर देिख बंजारीताडा सम्म मर्मत ६.बगदहवा कुलो मर्मत-पहाडीपुर- ७.डुम्री कुलो मर्मत ८.ितन नं.को िसमाना (रजपुरुवा- देिख ४ नं.को िसमाना -शान्तीपुर- वसन्ता कुलो मर्मत ९.अमर कुलो मर्मत १०.गमगिमया कुलो मर्मत ११.बोक्िसिनया कुलो मर्मत १२थाडी कुलो मर्मत १३.डुर कुलो मर्मत | सिचाइ | 13 | 706333 | 668000 | 20 | 50 | 2082.2.2 | 2082.2.2 | | |
| ६ | वडा नं ६ : १.बिक्रमपुर भौरा कुलो देखि हुलाकी बाटो सम्म कुलो तथा भरन मर्मत २.जमुनाबोझी लौटन थारुको घर देखि काफलेको घर सम्म झरन मर्मत ३.कृष्णनगर इन्टेक देखि झप्टी उदयपुरको कुलो तथा झरन मर्मत ४.बेलुवा देखि जोगीपुर सम्म कुलो तथा झरन मर्मत ५. हुलाकी बाटो देखि मानपुर महादेउलीको चन्द्रा विजुवा सम्मको कुलो तथा झरन मर्मत ६.टपरा बजार देखि कुनिया खैरान घरसम्म कुलो मर्मत ७. टपरा हुलाकी बाटो देखि ९ नं | सिचाइ | 8 | 400000 | 395022 | 12 | 49.279 | 2082.1.26 | 2082.1.30 | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | को सिमानासमम कुलो तथा झरन मर्मत ८. सोइली सोम थारुको घर देखि बनियापुरको सिमाना सम्म झरन मर्मत | | | | | | | | | | |
| ७ | वडा नं ७ अन्तर्गत योजना पहिलो ः कालुराम थारुको घर देखि लौटन थारुको घर सम्म सडक निर्माण | सडक | 1 | 175350 | 130260 | 15 | 13 | 2082.01.27 | | | |
| | वडा नं.७ अन्तर्गतका योजना दोश्रो:१.बाजुराटोल झरन मर्मत २.रामु थारुको घरदेखि डाडाहलदारको घर सम्म झरन मर्मत ३. तिलक श्रेष्ठको घरदेखि बुढीकुलो सम्म झरन मर्मत ४. भिम्मापुर लाहुरेलाल सिचाईकुलो मर्मत | सिचाइ | 4 | 267233 | 200400 | 0 | 20 | 2082.2.22 | 2082.1.26 | | |
| ८ | वडा नं.८ पुरैना बाटो मर्मत | सडक | 1 | 448896 | 335002 | 17 | 29.5 | 2082.12.20 | 2081.12.15 | | |
| ९ | वडा नं.९ अन्तर्गत पहिलो चरण योजना:श्री राम उपाध्यायको खेत देखि मोहन के.सी.को खेतमा रहेको झरन मर्मत नयाँ बाटोको ट्र्याक खोल्ने र मर्मत | सडक | 1 | 168336 | 141950 | 17 | 12.5 | 2082.01.25 | 2082.01.28 | | |
| | वडा नं.९ अन्तर्गत दोश्रो चरण योजना:१. फुलाराम थारुको घर देखि आशाराम थारुको घर सम्म मतपुरयिा कुलो मर्मत २.गाइने बुढाको घर देखि मोहन लाल के.सी.को खेत सम्म जाने डाँडा कुलो मर्मत ३.फुलाराम थारुको घर देखि हुदै दुर्गानगर सिमाना सम्म ठाडी कुलो मर्मत | सिचाइ | 3 | 207491.7 | 198730 | 0 | 17.5 | 2082.2.19 | 2082.02.18 | | |
| १० | वडा नं १० अन्तर्गत ः १। मझरा ५ नं ५ टोल देखि पूर्व मझरा ४ नं सम्म बाटो माटो पटानी २। नेपाल भारत सिमानामा अधुरो ढुणीपुर देखि झप्टी बाटोमा माटो पटानी ३।मझरा ५ नं टोल देखि दक्षिण मझरा ट न सम्म बाटोमा माटो पटानी | सडक | 3 | 776216 | 668000 | 20 | 50 | 2082.01.26 | 2082.02.01 | | |
| संक्षिप्त विवरण योजनाहरु | | | 54 | 4875429 | 4058000 | 188 | 32.31 | | | | |
| | **कार्यास्थलमा आधारित सिप तथा क्षमता विकास र जिवन उपयोगी तालिम( सडक मर्मत र डकर्मी तालिम)अनुगमन प्रगति** | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | | | | | | | | |
| ५ | **वडा नं.५ अन्तर्गत पर्ने योजनाहरु: योजना: कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास र जिवन उपयोगती तालिम ( सडक मर्मत तथा सम्भार तालिम)** | **सडक मर्मत तालिम** | | 668000 | 668000 | 20 | 50 | 2082.12.05 | 2081.11.28 | | |
| १० | वडा नं.१० अन्तर्गत पर्ने योजनाहरु: योजना: कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास र जिवन उपयोगती तालिम ( डकर्मी तालिम) | डकर्मी तालिम | | 668000 | 668000 | 20 | 50 | 2082.12.06 | 2081.11.28 | | |
| | **कुल जम्मा** | | | **6211429** | **5394000** | | | | | | |

रोजगार सेवा केन्द्र अर्न्तगतका कार्यक्रमहरु सम्बन्धित शाखाको कर्मचारीसँगको निगरानीमा हुने गरेको र प्राविधिक सल्लाह बमोजिम काम सञ्चालन भएकोले गुणस्तरीय काम भएको देखिन्छ। १ देखि १० वटा वडा तहमा करिव ५४ योजना सम्पन्न भएका छन। प्रत्यक्ष रुपमा बिपन्न परिवारका ब्यक्तिहरुलाई रोजगारमा सहभागी गराइएको देखिन्छ। साथै १८८ जना ब्यक्तीहरुलाई रोजगार प्राप्त गरेका थिए। जसमा महिला १५३ र पुरुष ३५ जना श्रमिकहरुले उक्त काम करिब २३.०५ कि.मी. जति सडक ,सिचाई र जैविक तटबन्धनको कार्य भएको थियो। लक्ष्य बमोजिमको कार्य सम्पन्न योजनाहरुको भौतिक प्रगति १०० प्रतिशत रहेको छ।

अनुगमन तस्वीरहरुः










2024/3/31 14:50














वडा स्तरीय रोजगार संवाद मञ्च कार्यक्रम
मिति : २०८१/०६/०८
समय : ११.०० बजे
स्थान : राजापुर नपा-२, बर्दिया
आयोजक
राजापुर नगरपालिका
रोजगार सेवा केन्द्र
राजापुर, बर्दिया




वडा स्तरीय रोजगार संवाद मञ्च कार्यक्रम
मिति : २०८१/०६/०६
समय : ११.०० बजे
स्थान : राजापुर नपा-४, बर्दिया
आयोजक
राजापुर नगरपालिका
रोजगार सेवा केन्द्र
राजापुर, बर्दिया








"श्रमको सम्मान, राष्ट्रको अभियान "
"सीप सिकौं, स्वरोजगार बनौं ।"
राजापुर नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना
५० दिनको कार्यस्थलमा आधारित (सडक मर्मत) २० जना र डकर्मि
२० जना सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम
समापन कार्यक्रम
तालिम समापन मिति : २०८१ चैत्र गते
तालिम हुने स्थान : राजापुर न.पा.-०५ र १० नं. वडा कार्यालय, बर्दिया
प्राविधिक सहयोग
स्किल ट्रेनिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि.
नेपालगंज, बाँके
आयोजक
राजापुर नगरपालिका
बर्दिया



**१७. कार्यक्रमबाट देखिएका केहि सकरात्मक प्रभाव तथा उपलव्धिहरु :**

- कार्यकममा बेरोजगार व्यक्तिहरुको सहभागिता उत्साहजनक भएको ।
- कार्यकम प्रति समुदायको आशा र चासो बढेको ।
- सामाजिक, आर्थिक रुपमा पछाडी परेका र विपन्न वर्गका घरपरिवारहरुलाई दैनिक गुजारा गर्न केही समयको लागि भए पनि सहज भएको ।
- स्थानिय स्तरमा भएका समस्याहरुलाई स.साना भौतिक पुर्वाधारका माध्यमबाट समाधान गरी आर्थिक विकासमा टेवा दिनुका साथै सामाजिक विकासमा सहयोग पुग्ने ।
- ७२३६ जनालाई रोजगार सुचना प्रणालीमा प्रविष्टि रहेको साथै १८८जनाले रोजगार प्राप्त गरेको
- श्रमिकहरुको लक्ष्य ८० जनालाई १०० दिन रोजगार उपलब्ध गराउने भएता पनि रोजगारी चाप तथा वडाबाट बढी रोजगारमा संग्लनका लागी नाम पठाइएको हुदाँ छनौट प्रक्रिया कठिनाइ भएको साथै स्थानिय निर्देशन समितिको बैठकबाट निर्णय गरी वडा बाट छनौट गरी पठाइएको श्रमिकहरुलाई रोजगारमा १८८ जना सहभागी गराईएको जसमा महिला १५३ जना र पुरुषः ३५ जना औषत रोजगार प्राप्त दिन ४२.९५ कामका लागी पारिश्रमिकमा आधारित योजनाहरु सडक निर्माण, सिचाई, जैविक तटबन्धन, आदिमा रोजगारमा सहभागी गराइयो ।
- सडक मर्मतमा २०जना  र डकर्मी तालिम २० जना सहभागी भै जिवन उपयोगी तालिम लिई दक्ष कामदारका रुप बनाइयो
- सवै वडामा(वटा) मोटरबाटो निर्माण गर्नु साथै आवतजावतमा सहज हुनु ।
- सिचाई कुलो निर्माण
- बजार क्षेत्र नालीहरुको मर्मत कार्य गरी डुबानबाट बचाउने कार्यमा सहयोग पुगेको
- जनप्रतिनिधिहरुको हरेक योजनामा सहभागी हुनु
- बेरोजगार युवाहरुले आफनो गाँउठाँउमा रोजगारको अवसर पाउनु
- वडागत योजनाहरुमा स्थानिय ब्यक्तिहरुको सहभागीले काममा प्रभावकारी रहेको
- वडा तोकिएको विकास निर्माणका स्थानिय समुदायबाट सहयोग पाउनु

**२१. कार्यकम कार्यान्यनका चुनौतीहरु :**

कार्यक्रम स्वीकृत तथा अख्तियारी समयमा नै आउन नसक्नु आदि प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन तथा कार्यान्यवयका लागी नीतिगत,कानुनी,संरचनागत आधारहरु निर्धारण गरी कार्यान्वयन शुरु गरी केही उपलब्धी हासिल भएको छ । रोजगारीको बहुआयामिकता र अन्तर निकाय समन्वयको बढदो आवश्यकताका बीच संस्थागत क्षमता आदि चुनौती देखिएका छन :

क) नीतिगत परिर्वतनको प्रभाब:

ख) पूर्वानुमायोग्य बजेट

ग) अपेक्षित अपनत्व

घ) भौगोलिक दयरा

ङ) संस्थागत क्षमता विकास

च) लेखांकन र प्रतिबेदन

छ) रोजगारमुलक सेवा, सहायता र सुविधा प्राथमिकतामा नपरेको

ज) अपेक्षा र आपूर्ति बीचको अन्तर

झ) रोजगार व्यवस्थापन सुचना प्रणालीको स्तरोउन्नती र तथ्याकको सुरक्षा

ञ) प्राविधिक सक्षमता

ट) प्रभावकारी अनुगमन तथा मुल्याकन

ठ) तालिम

- कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक परियोजना छनौट तथा कार्यान्यनका लागि समय निकै छोटो र आ.व.को अन्त्यमा भएकोले जनमानसमा यो कार्यक्रम प्रति सकारात्मक धारणा ल्याउन गाऱ्हो ।
- यो कार्यक्रम संचालनका लागि वास्तविक बेरोजगार छनौटको प्रकृया बारे ऐन,नियमावली र निर्देशिकामा तथा मापदण्डका विषयमा समुदायलाई अभिमुखीकरण गर्न नसक्दा कस्ता व्यक्तिले बेरोजगार दर्ता निवेदन दिने भन्ने विषयमा सर्वसाधारणलाई जानकारी गराउन नसकिएको हुनाले फर्म भन्ने आसयले पनि धेरै फर्म भरेकोले मापदण्ड भित्र नपर्ने समुदायलाई सम्झाएर वास्तविक बेरोजगारलाई मात्र छनौट गर्नु परेको अवस्था ।
- शैक्षिक बेरोजगारहरुलाई रोजगारी दिन योग्यता बमोजिमको वर्गिकरण गर्न कठिनाई भई सो अनुसारको रोजगारी प्रदान गर्ने व्यवस्था नहुनु ।

**२२. कार्यक्रम कार्यान्वयनका सुझावहरु :**

- यो कार्यक्रमको लक्षित बर्ग वेरोजगार भएको हुदा बेरोजगार छनौट गर्ने स्पष्ट मापदण्ड बनाई लागु गर्दा उपयुक्त देखिन्छ ।
- सबैलाई ऐनको परिभाषा र निर्देशिका बारे बुझाउन र बुझ्न गाऱ्हो हुने हुनाले छनौटका लागि छुट्टै मापदण्ड बनाउदा उपयुक्त देखिन्छ ।
- कार्यक्रमको समिक्षा गरी आगामी कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा राय सुझाव लिई पृष्ठपोषणका आधारमा आगामी आ.व.को बजेट तथा कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्दा उपयुक्त देखिन्छ ।
- निर्देशिकाको सही कार्यान्वयन गर्न सबै सरोकारवाला पक्षले समेत अपनत्व लिई कार्यान्वयनमा सहयोग गर्नुपर्ने देखिन्छ
- कार्यक्रमलाई आयआर्जन सँगै दिगो रोजगार दिने मोडेलमा परिवर्तन गर्दा उपयुक्त हुने देखिन्छ । बेरोजगारीको दर्ता आर्थिक बर्षको सुरुमा गरी लगतै रोजगारीको काम शुरु गर्नु पर्ने
- सामुदायिक आयोजनामा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने
- सम्वन्धित वडामा बैक खाता खोल्ने बातावरण मिलाउनु पर्ने
- सम्भव भएसमम बिकास योजनाहरुलाई श्रममुलक बनाइ रोजगारी सिर्जना गर्नु पर्ने कम्तिमा १०० दिनको रोजगारी उपलब्ध गराईदिनु पर्ने
- सार्वजनिक निर्माण कार्यमा महिला तथा बेरोजगारी भई आर्थिक अवस्था कमजोर भएका परिवार सदस्यहरुलाई प्रोत्साहित गर्नु पर्ने

- सम्बन्धी वडाहरुले योजना समयमा सन्चालन गर्नु पुर्वक रोजगार सेवा केन्द्रमा श्रमिक छनौट गरी पठाइ सहयोग गरी दिनुपर्ने
- सम्बन्धि वडाहरुले विकास निर्माण कार्यहरुमा साझेदारी गरी विकास निर्माण कार्यमा गर्नु पर्ने
- नगरपालिका अन्तर्गत संचालित भै रहेका गैरसरकारी संस्था,सहकारी संस्था र नगरपालिका अन्तर्गत नियमित कार्यक्रमहरु रोजगार मुलक र उत्पादनमुलक कार्यक्रमहरु सन्चालित योजनाहरु रोजगार सेवा केन्द्रको भ्ःक्ष्क्मा भ्लतभचगरी कार्यक्रम सन्चालन गर्न नगरपालिकाबाट सहयोग गर्नु पर्ने ।
- नगरपालिकाबाट गर्नु पर्ने सहजकर्ताहरुको कर्मचारीहरुको व्यवस्था गर्नु पर्ने
- रोजगार सेवा केन्द्रलाई व्यवस्थीत गरी सन्चालनका लागी आवश्यक विकास निर्माणका लागी चाहिने औजार सामाग्रीहरु नगरपालिकाबाट व्यवस्था गरी दिनु पर्ने
- रोजगार सेवा केन्द्रका लागी छुटै कोठाको व्यवस्था गरि दिनु पर्ने
- स्थानिय तहका विकास निर्माण कार्यहरुमा सुचिकृत बेरोजगारी व्यक्तिहरुलाई रोजगारीको अवसर प्रदान गर्नु पर्ने
- वडा स्तरमा संकलन रहेका बेरोजगारीहरुलाई वडा समितिको छानबीन गरी वास्तवीक बेरोजगार पहिचान गरी वडा अध्यक्षले फाराम सहि गरी सिफारिस साथ सुचिकृतका लागी सुचना व्यवस्थापन प्रणालीमा अद्याबधी गर्न सहयोग गरि दिनु पर्ने
- रोजगारीका अवसर उपलब्ध गराउनका लागी नगरपालिकाबाट बजेटको व्यवस्था गरी रोजगार सेवा केन्द्रबाट संचालन गर्नु पर्ने

**२३ निष्कर्ष:**


रोजगारीको मौलिक हक सुनिश्चित गर्न सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुवातले बेरोजगारहरुमा आशाको संचार गरेको छ । रोजगार सेवालाई प्रभावकारी बनाइ रोजगारी र स्वरोजगारी सिर्जना गर्न यो कार्यक्रमको प्रभावकारी रहेको छ । काममा आधारित सामाजिक सुरक्षा प्रदान गर्न सुरु गरिएको कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाले राजापुर नगरपालिकामा छोटो समयमा रोजगारी र सार्वजनिक निर्माणमा महत्वपुर्ण भुमिका खेलेको छ । राजापुर नगरपालिका र स्वरोजगारीका संभावना पहिल्याउदै बेरोजगारीलाई कम गर्न आगामी बर्ष समय मै यस्ता कार्यक्रमको संचालन गर्न जरुरी छ ।

२४.बिबिध :

अनुसुची १:

| वडा तहगत बिनियोजित रकम र रोजगारीको विवरण : | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न. | वडा तहको नाम | बिनियोजित रकम खर्च | संचालित आयोजना संख्या | रोजगारीमा खटिएका ब्यक्ति संख्या | रोजगारी श्रृजना दिन | जम्मा दिन |
| १. | सोनपुर वडा नं. १ | 338008 | 2 | 18 | **28** | **506** |
| २. | नयाँगाँउ वडा नं.२ | 330660 | 2 | 30 | **16.5** | **495** |
| ३. | टेडिया वडा नं. ३ | 360720 | 14 | **18** | **30** | **540** |
| ४. | राजापुर वडा नं.४ | 291248 | 1 | **21** | **20.76** | **436** |
| ५ | बदालपुर वडा नं. ५ | 1336000 | 13 | **20** | **100** | **2000** |
| ६. | मानपुरटपरा वडा नं.६ | **395022** | 9 | **12** | **49.27** | **591.35** |
| ७. | रामपुर वडा नं. ७ | **330660** | 5 | **15** | **33** | **495** |
| ८. | धोबिनपुर वडा नं. ८ | **335002** | 1 | **17** | **29.5** | **501.5** |
| ९. | गोडियाना वडा नं. ९ | **340680** | 4 | **17** | **30** | **510** |
| १०. | खैरीचन्दनपुर वडा न.१० | 1336000 | 3 | **20** | **100** | **2000** |
| | | **5394000** | **54** | **188** | **42.95132979** | **8074.85** |

अनुसुची २:



अनुसुची ३ :

"श्रमको सम्मान : राष्ट्रको अभियान" अभिमुखिकरण तालिम

जनप्रतिनिधिहरुलाई नगरस्तरीय र वडा  कार्यक्रम तस्वीरहरु



## अनुसुची ४:
## श्रमिकहरुलाई अभिमुखीकरण तालिम संचालन तस्वीरहरु













"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम र
रोजगार सम्बन्धी अभिमुखिकरण तालिम"


"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम र
रोजगार सम्बन्धी अभिमुखिकरण तालिम"


"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम र
रोजगार सम्बन्धी अभिमुखिकरण तालिम"


"श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम र
रोजगार सम्बन्धी अभिमुखिकरण तालिम"

"श्रमको सम्मान : राष्ट्रको अभियान"

काम सानो ठुलो हुदैन । आफनो काम प्रति गर्व गरौ ।

स्वदेश मै काम : आफनै देशमा सम्मान ।

स्वदेशमा काम गर्न संकोच नमानौ

नागरिकको श्रम र पसिना :राष्ट्र निर्माणका गहना ।

**बिदेशमा गर्ने श्रम आफनै देश गरौः घरपरिवार र समाजसँग हाँसीखुसी बसौ ।**

हरेक बैधानिक काम सम्मानयोग्य छन ।

**आफनो कामप्रतिको अपमान नसहौ, कसैलाई कामको आधारमा अपमान नगरौ ।**

श्रमको कदर सम्मानपूर्ण ब्यवहारबाट गरौ ।

सेवा दिनेलाई प्रोत्साहन गरौ, हौसला बढाऔ ।

श्रमको जात हुदैन, कामको जाति हुदैन ।

**काममा लिङ्गीय बिभेद हुदैन आफुले सक्ने काम गर्दा लाज हुदैन ।**

प्रत्येक काम बरावर सम्मान ।

काम सानो ठुलो हुन गरी खाँदा होचो हुन्न।

सीप सिकौ , स्वरोजगार बनौ ।

गरी खाने सोचको विकास : प्राविधिक शिक्षाले दिन्छ निकास ।

# रोजगार सेवा केन्द्रको काम कर्तब्य र अधिकारः

**(रोजगारीको हकसम्बन्धी नियमावली २०७५को नियम ६ बमोजिम)**

(क) स्थानिय तह भित्र रहेका बेरोजगार ब्यक्तिको तथ्याक संकलन तथा बिश्लेषण गरी बेरोजगारको सुची अद्यावधिक गर्ने

(ख) सुचीकृत बेरोजगार ब्यक्तिलाई परिचयपत्र बितरण गर्ने

(ग) स्थानीय तह भित्र उपलब्ध रोजगारीका अबसरहरुको पहिचान गरी सोको सुचना प्रवाह गर्ने

(घ) स्थानीय तह भित्रको रोजगारीको सम्भाब्य स्थिरी बिश्लेषण गरी रोजगारीको तथ्याङक सकलन गर्ने रोजगारी **नक्साङकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखाकन गर्ने**

(ङ) रोजगारदाताका लागी श्रमिकको उपलब्धताको सम्भाब्यता जानकारी गराउने

(च) रोजगारदाताबाट माग भए बमोजिम सुचीकृत बेरोजगार ब्यक्तिलाई रोजगार ब्यक्तिलाई रोजगारीका लागी काममा जान सुचित गर्ने

(छ) बेरोजगारहरुको ज्ञान,सिप,योग्यता,अनुभब र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने

(ज) आफना कामकारबाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाँउ कार्यपालिका तथा नगरकार्यपालिकामा प्रतिबेदन पेश गर्ने

(झ) ऐन तथा यस नियमावली बमोजिम आफुले गरेका कामकारवाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी बिषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिबेदन पठाउने

(ञ) आफनो कार्यक्षेत्रभित्रबाट बैदेशिक रोजगारीमा जान चाहने ब्यक्तिहरुका लागी सुचना सम्प्रेषण गर्ने

(ट) बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुयाउने

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता बितरण गर्ने

(ड) सम्बन्धित स्थानिय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्धारा सन्चालित कार्यक्रमसग समन्वय र सहकार्य गर्ने

(ढ) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने